

# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक १६९ | काठमाडौं | आइतबार, ३० असोज २०७९ | Prabhab National Daily, | Sunday, October 16, 2022 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५ |-


## खस आर्य उम्मेदवारको बाहुल्य




■ **प्रभाव संवाददाता**

**काठमाडौं–** आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली (प्रत्यक्ष)तर्फ समावेशी समूहमा खस आर्य समूहका उम्मेदवारको बाहुल्य देखिएको छ ।

प्रतिनिधिसभातर्फ कूल दुई हजार ४१२ जनाको उम्मेदवारी परेको थियो । जसमध्ये खस आर्य समूहमा सबैभन्दा बढी एक हजार १७ जनाको उम्मेदवारी कायम भएको निर्वाचन आयोगको तथ्यांक छ । यो कूल उम्मेदवारको ४२ प्रतिशत हो । आदिवासी जनजाति समूहमा ६४१ (२६.५७ प्रतिशत), मधेसी समूहतर्फ ५०६ (२०.९८ प्रतिशत), दलिततर्फ ९७ (४.०२ प्रतिशत), मुस्लिमतर्फ ८२ (३.३९ प्रतिशत) र थारु समूहतर्फ ६९ जना (२.८६ प्रतिशत)को उम्मेदवारी कायम भएको आयोगले जनाएको छ ।

यसैगरी प्रदेशसभातर्फ पनि खस आर्य समूहका उम्मेदवार बढी देखिएका छन् । खस आर्यतर्फ एक हजार ५५ जनाको उम्मेदवारी कायम भएको छ । यो कूल उम्मेदवारको ३२.७२ प्रतिशत हो । प्रदेशसभा सदस्य निर्वाचनका लागि तीन हजार २२४ जनाको उम्मेदवारी दर्ता भएको छ ।

प्रदेशसभातर्फ आदिवासी जनजाति उम्मेदवार २८.१० प्रतिशत अर्थात् ९०६ कायम भएको छ । यस्तै, मधेसी २५.८६ प्रतिशत (८७४ जना), मुस्लिम ४.४९ प्रतिशत (१४५ जना), दलित ४.४६ प्रतिशत (१४४ जना) र थारु समूहतर्फ ३.१० प्रतिशत (१०० जना)को उम्मेदवारी कायम भएको आयोगले जनाएको छ ।

प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि यही असोज २३ गते देशभर उम्मेदवारको मनोनयनपत्र दर्ता भएको थियो ।

# आचारसंहितामा कडाइ

## माओवादी अध्यक्ष दाहालदेखि सिके राउतसम्मलाई सोधियो स्पष्टीकरण

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** मुलुक यतिबेला निर्वाचनको महामेलामा होमिएको छ । नयाँ संविधान जारी भएपछि दोस्रोपटक प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन हुँदै छ । आगामी मंसिर ४ गतेका लागि निर्वाचन तोकिएको छ । निर्वाचन आयोगले उम्मेदवारहरूलाई चुनाव चिह्न वितरण गरिसकेको छ । चुनाव चिह्न पाएपछि उम्मेदवारहरू यतिबेला आ-आफ्नो निर्वाचन क्षेत्रमा प्रचारप्रसारका काममा व्यस्त छन् । दिनहुँ जनभेटघाट र सभा, सम्मेलन, बैठकमा व्यस्त हुन थालेका छन् ।

आयोगले प्रदेश र प्रतिनिधिसभा निर्वाचनका लागि आचारसंहिता जारी गरिसकेको छ । निर्वँचनलाई स्वच्छ, स्वस्थ वातावरणमा सम्पन्न गर्न आयोगले आचारसंहिता जारी गर्ने गर्छ । आयोगले राजनीतिक दल उम्मेदवारका लागि मात्र होइन विभिन्न गैरसरकारी संस्था, शिक्षक, कर्मचारी, पत्रकारलगायतका लागि पनि आचारसंहिता जारी गरेको छ । कुनै पनि उम्मेदवारका पक्ष वा विपक्षमा मत माग्न प्रतिबन्ध मात्र होइन उम्मेदवारसँगको फोटो सामाजिक सञ्जालमा नराख्न, चुनावी प्रचारका पोस्टमा कमेन्ट नगर्न आयोगले आचारसंहिता जारी गरेको छ ।

निर्वाचन आयोग ऐन २०७३ को दफा २२ ले दिएको अधिकार प्रयोग गरेर आयोगले निर्वाचन आचारसंहिता, २०७९ निर्माण गरेको छ । निर्वाचन आचारसंहिता, २०७९ को दफा ४६ मा 'कसैले आचारसंहिता उल्लंघन गरेमा आयोगले निर्वाचन आयोग ऐन, २०७३ को दफा २३ बमोजिम एक लाख रूपैयाँसम्म जरिवाना गर्न वा उम्मेदवारी रद्द गर्न सक्नेछ' भन्ने उल्लेख छ ।

आयोगले तोकेको अनुगमन अधिकृतलाई आचारसंहिताको उल्लंघन गर्ने उम्मेदवारमाथि २४ घण्टाभित्र स्पष्टीकरण सोध्नसक्ने अधिकार छ । उम्मेदवारबाट चित्तबुझ्दो जवाफ पेस नभएमा उम्मेदवारी रद्द गर्नेसम्मको अधिकार निर्वाचन आयोगलाई छ ।

अघिल्ला निर्वाचनहरूको तुलनामा आयोगले यसपटक अलि कडा आचारसंहिता बनाएको छ । आयोगले आचारसंहिता जारी गर्दै गर्दा धेरैले शंका गरेका थिए यसको पालना नगर्नेलाई कारबाही हुन्छ/हुँदैन ? तर, आयोगले जसरी अघिल्ला निर्वाचनका तुलनामा यसपटक कडा आचारसंहिता




- बाराको पचरौता नगरपालिकाका मेयर जलन्धर सिंह जैसवार, व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रका सातौं तहका अधिकृत गोकुल वस्ती, हाम्रो नेपाल पार्टीका अध्यक्ष अनन्तराज घिमिरे र प्रतिनिधिसभा सदस्य नुवाकोट निर्वाचन क्षेत्र नम्बर १ का उम्मेदवार बद्री मैनालीलाई पनि आयोगले स्पष्टीकरण सोधेको छ ।
- चार मन्त्रालय, एक मुख्यमन्त्री कार्यालय, नेपाल प्रज्ञा प्रतिष्ठान, धितोपत्र बोर्ड र बिमा समितिलाई पनि आयोगको स्पष्टीकरण ।

बनाएको छ, त्यसरी त्यसको पालना भए/नभएको अनुगमन र कारबाही प्रक्रियामा पनि कडाइ गर्न थालेको छ ।

आयोगले आचारसंहिताको उल्लंघन गर्ने छ व्यक्ति र आठ संस्थालाई स्पष्टीकरण सोधिसकेको छ । यमसा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालदेखि जनमत पार्टीका अध्यक्ष चन्द्रकान्त (सिके) राउतसम्म छन् ।

पचरौता नगरपालिका बाराका मेयर जलन्धर सिंह जैसवार, व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रका सातौं तहका अधिकृत गोकुल वस्ती, हाम्रो नेपाल पार्टीका अध्यक्ष अनन्तराज घिमिरे र प्रतिनिधिसभा सदस्य नुवाकोट निर्वाचन क्षेत्र नम्बर १ का उम्मेदवार बद्री मैनालीलाई पनि आयोगले स्पष्टीकरण सोधेको छ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सहरी विकास मन्त्रालय, नेपाल प्रज्ञा प्रतिष्ठान, अर्थ मन्त्रालय, धितोपत्र बोर्ड, बिमा समिति र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेशलाई पनि आयोगले स्पष्टीकरण सोधेको छ ।

हालै मात्र चुनाव चिह्न प्रदान गर्ने काम सकिएको र बल्ल प्रचारप्रचार सुरु भएकाले आचारसंहिता उल्लंघनका घटना अझै बढ्ने देखिन्छ । यसतर्फ आयोग चनाखो रहेको प्रवक्ता शालिग्राम शर्मा पौडेलले बताए ।

**समानुपातिकको मतपत्र छपाइ सकियो**

निर्वाचन आयोगले प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनका लागि समानुपातिक निर्वाचन प्रणालीतर्फको सम्पूर्ण मतपत्र छापेर सकेको छ । आयोगले समानुपातिकतर्फको चार करोड छ लाख पाँच हजार मतपत्रको छपाइ सकेको जनाएको छ ।

प्रतिनिधिसभातर्फको समानुपातिक प्रणालीका लागि दुई करोड चार लाख २१ हजार मतपत्र र प्रदेशका लागि समानुपातिकतर्फको दुई करोड एक लाख ८४ हजार मतपत्र छपाइ भएको आयोगले जनाएको छ । (बाँकी पृष्ठ ३ मा)

### प्रमुख आयुक्तको निर्देशन

प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले निर्वाचन आचारसंहिता, २०७९ लाई कडाइका साथ पालना गर्न/गराउन निर्देशन दिएका छन् । पोखरामा शनिबार आयोजित जिल्ला आचारसंहिता अनुगमन समितिको बैठकमा प्रमुख आयुक्त थपलियाले आचारसंहिताको उल्लंघन गरेको देखिएमा तत्काल आयोगमा लिखित वा मौखिक जानकारी दिन आग्रह गरे ।

उनले आयोगले तोकेका अनुगमन अधिकृतलाई आचारसंहिताको उल्लंघन गर्ने उम्मेदवारलाई २४ घण्टाभित्र स्पष्टीकरण सोध्न निर्देशन दिए । उम्मेदवारबाट चित्तबुझ्दो जवाफ पेस नभएमा उम्मेदवारी रद्द गर्नेसमेतको अधिकार आयोगलाई भएकोले त्यससम्बन्धी विवरण स्पष्ट खुलाई आयोगमा लेखेर पठाउन प्रमुख आयुक्त थपलियाले निर्देशन दिए ।

उम्मेदवारले मनोनयन दर्ता गर्ने क्रममा बुझाएको विवरणमा उल्लेख भएबमोजिमको स्रोतबाट खर्च गरेको/नगरेकोबारे आयोगले निगरानी गर्ने बताउँदै उनले निर्वाचन आचारसंहिता उल्लंघन गर्ने कर्मचारीलाई समेत कारबाही गर्न सुरू भइसकेको बताए । कर्मचारीले निर्वाचन सम्पन्न नहुँदासम्म सामाजिक सञ्जाल प्रयोगमासमेत सचेतना अपनाउन थपलियाको आग्रह छ ।

बैठकमा कास्कीका मुख्य निर्वाचन अधिकृत प्रकाश खरेल, कास्कीका प्रमुख जिल्ला अधिकारी एवं जिल्ला आचारसंहिता अनुगमन समितिका सह-संयोजक टेकबहादुर केसी, सदस्य प्रहरी उपरीक्षक अजय केसी, उपअनुसन्धान निर्देशक मनोज ढकाल, अनुगमन अधिकृत रामजी शर्मा र सदस्यसचिव हुमनाथ पराजुलीलगायतले निर्वाचन आचारसंहिता पालना गर्न/गराउन सञ्चालन गरिएका गतिविधिका बारेमा जानकारी गराएका थिए ।

**सन्दर्भ : वैदेशिक रोजगार**

## समस्यामा परेका नेपालीको उद्धार

# तीन महिनामा ४३ जनालाई स्वदेश ल्याइयो

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सरकारले वैदेशिक रोजगारीमा गएर घाइते, अंगभंग तथा बिरामी परी अलपत्र परेका नेपालीहरूको उद्धारमा सक्रियता देखाएको छ । परराष्ट्र मन्त्रालय र वैदेशिक रोजगार बोर्ड सचिवालयको सक्रियतामा विभिन्न कारणले विदेशमा समस्या झेलिरहेका नेपालीको उद्धार गरिएको हो ।

चालु आर्थिक वर्षको पहिलो तीन महिनाको अवधिमा विदेशमा अलपत्र परेका ४३ जनाको उद्धार गरिएको बोर्डले जनाएको छ । यसरी उद्धार गरिएकामा साउदी अरब गएका नेपालीहरू बढी छन् । साउदीबाट २६ जनाको उद्धार गरिएको छ भने मलेसियाबाट नौ जना, युएईबाट पाँच जना र कतारबाट तीन जनाको उद्धार गरिएको बोर्ड सचिवालयले जनाएको छ ।

रोजगारीका लागि विदेश पुगेका थुप्रै नेपाली विभिन्न कारणले अलपत्र हुने गरेको र समयमै उद्धारका लागि सरकारले पहल नगरेको व्यापक जनगुनासो बढेपछि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले त्यस्ता नेपालीहरूको अवस्था पहिचान गरी आवश्यकता अनुसार उद्धार एवं व्यवस्थापन अध्ययन कार्यदल गठन गरेको थियो । मन्त्रीस्तरीय निर्णयबाट मन्त्रालयका सहसचिवको संयोजकत्वमा गत साउन ६ गते गठन भएको कार्यदलले विभिन्न मुलुकका दूतावास, श्रम सहचारी तथा सरोकारवालाहरूसँगको समन्वयमा प्रतिवेदन तयार पारी श्रममन्त्री शेरबहादुर कुँवरलाई बुझाएको थियो । कार्यदलले सम्बन्धित देशमा रहेका सहचारीमार्फत समस्यामा परेका नेपालीहरूको अवस्थाबारे जानकारी लिएको थियो । कार्यदलले तयार पारेको उक्त प्रतिवेदन श्रम मन्त्रालयले कार्यान्वयनका लागि परराष्ट्र मन्त्रालय र वैदेशिक रोजगार बोर्डको सचिवालयमा पठाएको थियो । मन्त्री कुँवरले कार्यदलले दिएको प्रतिवेदन कार्यान्वयनमा जोड दिँदै समस्यामा परेका नेपालीहरूको उद्धार र समुचित व्यवस्थापन गर्न सरोकारवाला निकायलाई निर्देशन दिएका छन् ।

श्रम मन्त्रालयले पठाएको प्रतिवेदनमा आधारित भएर समस्यामा परेका नेपालीहरूको पहिचान गरी सक्रियतापूर्वक उद्धार कार्यमा खटिएको बोर्ड सचिवालयले जनाएको छ । प्रतिवेदनले औंल्याएका र उद्धार गर्नुपर्ने भनिएका व्यक्तिहरूको पहिचान

> उद्धार गरिएका कतिपयलाई नेपाल ल्याउने मात्र नभई उनीहरूको घरसम्मै पुर्‍याइदिएका छौं । यसरी उद्धार गरिएकाहरूलाई अवस्था हेरेर विदेशबाट ल्याउने र घरसम्म पुग्ने खर्चको व्यवस्थापनसमेत बोर्डले गर्दै आएको छ ।



**डा. द्वारिका उप्रेती**
कार्यकारी निर्देशक
वैदेशिक रोजगार बोर्ड

गरी धमाधम नेपाल ल्याउने काम भइरहेको बोर्डका कार्यकारी निर्देशक डा. द्वारिका उप्रेतीले बताए । 'विदेशका विभिन्न अस्पतालमा कोमामा रहेका, गम्भीर घाइते एवं अंगभंग भएर उपचार गराइरहेका र केही मानसिक सन्तुलन गुमाएकाहरूलाई स्वदेश ल्याउने काम भइरहेको छ,' उनले भने, 'सक्रियतापूर्वक उद्धार कार्यमा लागिरहेका छौं, यही महिना (असोज)मा मात्रै १० जनाभन्दा बढीको उद्धार गरिएको छ ।'

कार्यदलले दिएको प्रतिवेदनअनुसार विभिन्न मुलुकमा २६ जना नेपाली कोमामा रहेको जनाइए पनि तीमध्ये केहीको उद्धार गरी नेपाल ल्याइसकिएको बोर्डले जनाएको छ । त्यस्तै गम्भीर बिरामी भई उपचार खर्च व्यहोर्न नसकी समस्यामा परेका, दुर्घटनामा परी अस्पतालमा उपचार गराइरहेका नेपालीकोसमेत उद्धार गरिएको बोर्ड सचिवालयले उल्लेख गरेको छ ।

'उद्धार गरिएका कतिपयलाई नेपाल ल्याउने मात्र नभई उनीहरूको घरसम्मै पुर्‍याइदिएका छौं,' कार्यकारी निर्देशक उप्रेतीले भने, 'यसरी उद्धार गरिएकाहरूलाई अवस्था हेरेर विदेशबाट ल्याउने र घरसम्म पुग्ने खर्चको व्यवस्थापनसमेत बोर्डले गर्दै आएको छ ।' यद्यपि, गम्भीर अवस्थाका कोमामा रहेका नेपालीहरूको उद्धारमा परिवारले सहमति नदिँदा उनीहरूको उद्धार गर्न कठिन भइरहेको बोर्डको भनाइ छ । अन्तिम अवस्थामा पुगिसकेका र माया मारिसकेका त्यस्ता बिरामीलाई नेपाल ल्याउँदा आर्थिक भार पर्ने डरले परिवारबाट उद्धार कार्यमा सहयोग पुग्न नसकेको बोर्डले जनाएको छ ।

त्यस्तै वैधानिकरूपमा रोजगारीमा गई समस्यामा परेका नेपालीको उद्धारमा खासै समस्या नभए पनि अवैध तवरले विदेशमा बसेका र जटिल समस्यामा फसेकाहरूको उद्धारमा कठिनाइ हुने बोर्ड सचिवालयले जनाएको छ । गम्भीर अवस्था भए पनि भिजिट भिसामा गई लुकेर बस्ने, भागेर कम्पनी परिवर्तन गर्ने, भिसा अवधि थप नभएकाहरूको उद्धारमा समस्या भोग्नुपर्ने बाध्यता रहेको छ । बोर्डले गत आर्थिक वर्षमा मात्रै गम्भीर अवस्थामा रहेका र अलपत्र परेका ४५० जनाभन्दा बढीको उद्धार गरेको उल्लेख गरेको छ । यस्तै १५० भन्दा बढी व्यक्तिको शव नेपाल ल्याई दाहसंस्कारका लागि परिवारलाई बुझाइएको बोर्ड सचिवालयले जानकारी दिएको छ ।




कन्सुलरमा नवीनतम् अभ्यास

# पाँच मिनेटमै सेवा प्रवाह !

■ नारायण न्यौपाने




**काठमाडौं–** कन्सुलर सेवा विभागले सेवाग्राहीका सबै काजगात चुस्त अवस्थामा रहे कन्सुलरसम्बन्धी कतिपय सेवा पाँच मिनेटभित्रै उपलब्ध गराउने नवीनतम् प्रणाली अभ्यासमा ल्याएको छ । 'सहज तथा सुलभ कन्सुलर सेवा' नाम दिइएको उक्त कार्यक्रमले विभागको सेवा प्रवाह छिटो-छरितो मात्र नभई राजस्व संकलन वृद्धि तथा अन्तर्राष्ट्रिय समुदायमा नेपालका कागजपत्र प्रमाणित कार्यको विश्वसनीयता बढाएको छ ।

विभागका महानिर्देशक धनबहादुर ओलीले नयाँ सूचना प्रविधि प्रणाली प्रयोगमा ल्याइएपछि दूरदराजबाट काठमाडौं आएर कागजपत्र नमिलेर फर्कनुपर्ने समस्या हट्नुका साथै जनतालाई स्थानीय तहबाटै कन्सुलरसम्बन्धी सेवा प्रभावकारीरूपमा प्रदान गर्ने कार्यमा सफलता मिलेको जानकारी दिए ।

विभागले नयाँ अभ्यासमा ल्याएको सूचना प्रविधिको प्रयोग मुलुकका सबै जिल्ला प्रशासन कार्यालय, स्थानीय तह अर्थात् पालिका कार्यालयमा जोडिएपछि कन्सुलर सेवा सेवाग्राहीमैत्री बन्न पुगेको हो । उनी भन्छन्, 'आधुनिक कन्सुलर अफिस ड्रिमसहितको स्थानीय तहसँगको सहकार्य कार्यक्रम यस आवमा उदयपुर, खोटाङ र ओखलढुंगाका १० पालिकामा सुरु गरिएको छ भने यस आवमा थप २० जिल्लामा विस्तार गर्ने कार्ययोजना छ ।'

गत वर्ष २५ जिल्लामा सहकार्यको सुरुआत गरिएको थियो । यसले गर्दा कम साधनस्रोतमा धेरै सेवाग्राहीलाई सेवा प्रदान गर्न सहज भएको छ । साथै, विभागमा सेवाग्राहीको चाप निकै कम भएको छ । दिनभर लाग्ने कतिपय काम केही मिनेटमासमेत हुने गरेको विभागको दाबी छ ।

विभागले आफ्नै जनशक्ति र स्रोतसाधनको प्रयोग गरी निकै कम खर्चमा तयार गरेको उच्च प्रविधिको उक्त सेवा सञ्चालनमा आएपछि जनताले कन्सुलरसम्बन्धी आफ्नो काम कहाँ कुन चरणमा पुगेको छ भनेर घरबाटै जानकारी लिन र प्रतिक्रिया दिन सक्ने छन् । विभागको आफ्नै कार्ययोजना र सिर्जनामा निर्माण गरिएको अनलाइन कन्सुलर सेवा प्रणालीको स्रोत पूर्णरूपमा विभागसँगै रहेकाले पूर्णरूपमा सुरक्षित मात्र नभई आवश्यकतानुसार परिमार्जन गर्न अरू कुनै कम्पनीमा निर्भर हुनुपर्ने छैन ।

विभागको सेवा लिने क्रममा कुनै समस्या र अल्झन खेप्न नपरोस् भनी निःशुल्करूपमा टोल फ्रि नम्बर ११५२ सञ्चालनमा ल्याएर केन्द्रसँग जोड्ने काम भएको छ । महानिर्देशक ओली भन्छन्, 'मुलुकभर कन्सुलर सेवालाई जनताप्रति उत्तरदायी बनाउँदै कम समयमा नै सहज र गुणस्तरीय सेवा दिने प्रयास गरिएको छ । त्यसका लागि तत्तत् कार्यालयमा इन्टरनेट र विषयविज्ञ जनशक्ति भने आवश्यक छ ।' विभागको उक्त कार्यले सेवाग्राहीले काठमाडौं आउनुपर्ने स्थितिमा कमी भएको छ ।

विभागले आर्थिक वर्ष २०७८/७९ मा तीन लाख ७८ हजार व्यक्तिलाई कन्सुलर सेवा प्रदान गरी कागज प्रमाणित गरेबापत मात्रै २२ करोड रूपैयाँ राजस्व संकलन गर्न सफल भएको छ । अघिल्लो आर्थिक वर्षमा भने एक लाख ३४ हजारले मात्रले त्यो सेवा प्राप्त गरेका थिए ।

जहाँसुकैबाट पनि कन्सुलरको आफ्नो कामबारे हेर्न र बुझ्न सकिने व्यवस्था गरिएको छ । विभाग नयाँ प्रविधिको प्रयोगमा प्रवेश गरेसँगै कन्सुलर सेवा विभागसँग प्रणाली आबद्धता भएका कार्यालयबाट जारी राहदानी, नागरिकता, प्रहरी रिपोर्टलगायत कागजात विभागबाट तत्काल नै प्रमाणीकरण हुने व्यवस्था गरिएको छ ।

स्थानीय तहबाट जारी कागजात राष्ट्रिय परिचयपत्र र पञ्जीकरण विभागसँग प्रणालीमा आबद्धता गरी तत्काल नै प्रमाणीकरण हुनेसमेत व्यवस्था गरिएको छ । नेपालका अन्य विभाग तथा निकायलाई समेत कन्सुलर प्रणालीमा आबद्धता गर्ने कार्य भइरहेको जानकारी दिइएको छ ।

कन्सुलर सेवा विभागबाट प्रमाणीकरण भएका सम्पूर्ण काजगातको विभागको प्रणालीमा विश्वभरबाट नै अनलाइन रुजु गर्नसक्ने व्यवस्था गरिएको छ । उक्त कार्यबाट नेपालका कागजात मित्थ्या हुँदैनन् भन्ने मान्यता स्थापित गर्न विभाग सफल भएको छ ।

विभागद्वारा प्रदान गरिएका सबै सेवा अनलाइन अभिलेखमा दर्ता छन् । विगतमा पाँच-सात घण्टा लाग्ने केही काम अहिले प्राविधिक हिसाबमा २१ सेकेण्डमा हुन्छ भने समग्रतामा पाँच मिनेटभित्र सम्पन्न हुने विभागले स्पष्ट गरेको छ ।

नेपाली कार्यालय भए पनि अंग्रेजी अनौठो नाम र सेवाग्राहीलाई नै कार्यक्षेत्र थाहा नभएको अड्डाकारूपमा रहेको कन्सुलर विभागको मुख्य काम भनेको सरकारी कागजातको अध्यागमनजस्तै हो । जहाँबाट कागजातहरूको आधिकारिक प्रस्थान र प्रवेश हुन्छ त्यो काम कन्सुलरले गर्छ ।

विदेशमा रहँदा नेपालीलाई आइपर्ने समस्या समाधान र हकहितको सुरक्षा गर्ने कार्य पनि कन्सुलरकै दायराभित्र पर्छ । आफ्ना देशका नागरिकको आर्थिक, सामाजिक, सांस्कृतिक र धार्मिक अधिकारको सुरक्षा र संरक्षण गर्नु कन्सुलरको प्राथमिक दायित्व हो । हरेक कुटनीतिक नियोगको काममध्ये कन्सुलर सेवा प्रमुख कामका रूपमा रहँदै आएको छ । *रासस*

# ३० दिनभित्र सूचना दिन आयोगको आदेश

■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रिय सूचना आयोगले सूचना मागकर्तालाई ३० दिनभित्र सूचना उपलब्ध गराउन अर्थ मन्त्रालयलाई आदेश दिने निर्णय गरेको छ । प्रमुख सूचना आयुक्त महेन्द्रमान गुरुङको संयोजकत्वमा सूचना आयुक्तहरू कमला ओली थापा र रत्नप्रसाद मैनालीसमेतको इजलासले आदेश जारी गर्ने निर्णय गरेको हो ।

पत्रकार रविराज बरालले गत वर्ष भदौ १७ गते अर्थ मन्त्रालयका सूचना अधिकारीलाई सम्बोधन गरी सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम सरकार मन्त्रिपरिषद्को मिति २०७१ माघ २२ गतेको बैठकको निर्णयानुसार गठित कर फर्स्योट आयोग, २०७१ ले त्यस मन्त्रालयमार्फत २०७२ मंसिर २२ गते नेपाल सरकारलाई बुझाएको 'नेपाल सरकार, कर फर्स्योट आयोग, २०७१ को प्रतिवेदन' को प्रमाणित प्रतिलिपिको सूचना पाऊँ भनी सूचनाको हकको निवेदन दर्ता गराएका थिए ।

अर्थ मन्त्रालयका तत्कालीन सचिव मधुकुमार मरासिनीले सरकार कर फर्स्योट आयोग, २०७१ को प्रतिवेदनको प्रमाणित प्रतिलिपिको सूचना प्रवाह गर्न नमिल्ने भनी मन्त्रालयको मिति २०७८ असोज ११ को (मन्त्रीस्तरीय) निर्णयानुसार माग भएको सूचना गोप्य राख्ने निर्णयको जानकारी दिएका थिए । मन्त्रालयले सूचना लुकाउने निर्णय गरेर लिखित जानकारी गराएपछि पत्रकार बरालले मन्त्रालयको उक्त निर्णय बदर गरी माग गरेको सूचना उपलब्ध गराई पाऊँ भन्दै गत वर्ष कात्तिक ११ गते आयोगमा पुनरवेदन गरेका थिए ।

पुनरवेदन परेपछि गत वर्षको कात्तिक १५ मा आयोगले मन्त्रालयलाई सात दिनभित्र लिखित जवाफ पठाउन आदेश जारी गरेको हो । उक्त आदेशको लामो समय बेवास्ता गरेको मन्त्रालयले आयोगको पटक-पटकको ताकेतापछि लिखित जवाफमा कर फर्स्योट आयोग ऐन, २०३३ को दफा (१४)मा ' आयोगमा प्रस्तुत गरिएका कागजपत्र तथा आयोगको कारबाहीको सिलसिलामा कुनै स्रोतबाट थाहा हुन आएका कुरा गोप्य राख्नुपर्नेछ । त्यस्तो कागजपत्र र गोप्य कुरा कर निर्धारण वा असुलीको प्रयोजनको निमित्तबाहेक अन्य काममा प्रकाश गरिने वा कुनै अदालतमा प्रमाण लाग्ने छैन र नेपाल सरकारको अनुमतिविना कुनै अधिकारीले निरीक्षण वा अनुसन्धानका लागिसमेत माग गर्न सक्ने छैन' भन्ने व्यवस्था भएको जनाउँदै सूचना दिन नमिल्ने जिकिर गरेको थियो ।

यसैगरी सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) को खण्ड (ग) बमोजिम आर्थिक, व्यापारिक तथा मौद्रिक हित वा बौद्धिक सम्पत्तिको संरक्षण वा बैंकिङ वा व्यापारिक गोपनीयतामा गम्भीर आघात पार्ने विषयको सूचना प्रवाह नगरिने व्यवस्था भएको, सूचनाको हक कार्यान्वयन निर्देशिका, २०७० को परिच्छेद् २ को दफा ३ को उपदफा (३) को खण्ड (ग) मासमेत आर्थिक, व्यापारिक तथा मौद्रिक हित या बौद्धिक सम्पत्तिको संरक्षण वा वैविक वा व्यापारिक गोपनीयतामा गम्भीर आघात पार्ने विषयको सूचना प्रवाह नगरिने व्यवस्था भएको र उक्त प्रतिवेदन सार्वजनिक भएको विषयवस्तु नरहेको आधार र कारण देखाउँदै सूचना लुकाएको थियो ।

# पुनः सञ्चालन गरिँदै अन्तर्राष्ट्रिय डाँक सेवा

■ प्रभाव संवाददाता

**काठमाडौं–** हुलाक सेवा विभागले अन्तर्राष्ट्रिय डाँक सेवा पुनः सञ्चालन गर्ने भएको छ । यही असोज महिनाभित्र अन्तर्राष्ट्रिय डाँक सेवा सञ्चालनका लागि विभागले अन्तर्राष्ट्रिय विमान कम्पनी र सरोकारवालासँग छलफल, समन्वय र पत्राचार गरेको हो ।

विभागकी महानिर्देशक इन्दु घिमिरेले सूचना, सञ्चार र प्रविधिको विकाससँगै हुलाक सेवाको विकास गर्ने उद्देश्यले अन्तर्राष्ट्रिय डाँक सेवालाई पुनः सञ्चालन गर्ने प्रक्रिया अगाडि बढाइएको जानकारी दिइन् ।

द्रुत डाँक सेवा, पार्सल/सामान वा मालवस्तु र चिठ्ठीपत्रको काम गर्दै आएको विभागले आन्तरिक द्रुत सेवाअन्तर्गत हवाईमार्गमार्फत काठमाडौं, भक्तपुर, ललितपुर, कास्की, मोरङ, धनुषा, बारा, रूपन्देही, बाँके र कैलाली जिल्लामा एक दिनमा पर्वत, स्याङ्जा, तनहुँ, सुनसरी, सप्तरी, सिरहा, महोत्तरी, रौतहट, कपिलवस्तु, नवलपरासी, चितवन, बर्दिया, सुर्खेत, कञ्चनपुर, मुगु, डोल्पा र जुम्लामा दुई दिन र बाँकी जिल्लामा तीन दिनमा सेवा प्रदान गर्दै आएको छ ।

नेपाल फिलाटेलिक सोसाइटीका अध्यक्ष केदारप्रसाद प्रधानले हुलाकले अन्य कम्पनीलेभन्दा सस्तो शुल्कमा डाँक सेवा सञ्चालन गरेकाले विभागले प्रभावकारी रूपमा यसलाई प्रचारप्रसार गर्नुपर्नेमा जोड दिए । विभागलाई अझै प्रभावकारी र विश्वासिलो बनाउन हरेक गतिविधि पारदर्शी हुनुपर्ने उनको भनाइ थियो ।

पूर्वसचिव भुवनेश्वर प्रधानले विभागलाई विश्वसनीय र भरपर्दो संस्थाको रूपमा विकास गर्न भ्रष्टाचारको अन्त्यसँगै कर्मचारीलाई प्रोत्साहन गर्नुपर्नेमा जोड दिए । विज्ञापन बोर्डका प्रमुख प्रशासकीय अधिकृत विशालराज गौतमले हुलाक सेवालाई प्रभावकारी बनाउन दीर्घकालीन योजना बनाएर अगाडि बढ्न सुझाव दिए । हवाईमार्गबाट देशभित्रै डाँक ढुवानी गर्न यती एयरलाइन्स, नेपाल एयरलाइन्स, श्री एयरलाइन्स र बुद्ध एयरलाइन्ससँग सम्झौता गरिएको छ ।

महानिर्देशक घिमिरेले नेपालको पुरानो, विश्वसनीय, जनमनमा बसेको संस्था हुलाक सेवालाई पुनःक्रियाशील र पुनःजीवित बनाउने योजना सुनाइन् । व्यक्तिगत र संस्थागत इएमएस, पार्सल, चिठीपत्र हुलाकमार्फत ढुवानी गर्न केही सुधारका कार्य गर्ने विभागको योजना छ ।

## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरू
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

असोज ३० गते आइतबार

| | |
|---|---|
| मेष | शिक्षासम्बन्धी कार्यमा बाधा आउनेछ । |
| वृष | स्वास्थ्यलाभ हुनेछ । |
| मिथुन | व्यापारिक कार्यहय्मा राम्रो लाभ हुनेछ । |
| कर्कट | पेटसम्बन्धी समस्याको योग छ । |
| सिंह | आर्थिक कार्यमा अनुकूल प्रगति हुनेछ । |
| कन्या | धार्मिक कार्यमा सहभागिता बढ्नेछ । |
| तुला | जग्गा खरिद हुने योग छ । |
| वृश्चिक | राजनीतिक कार्य सफल हुनेछ । |
| धनु | नयाँ काम बन्नेछ । |
| मकर | धन आर्जन हुने योग छ । |
| कुम्भ | स्वास्थ्यमा गडबडी हुने योग छ । |
| मीन | नयाँ सम्पर्क बन्नेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेशनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेशनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेशनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिङ्ग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

असोज ३० गते, २०७९, १६ अक्टोबर २०२२

| मुद्रा | इकाई | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १२१।७६ | १२२।३६ |
| युरो | १ को | १३३।२२ | १३३।८८ |
| पाउन्ड स्टर्लिङ | १ को | १५२।०० | १५२।७५ |
| स्विस फ्रैन्क | १ को | १२६।०९ | १२६।७१ |
| अस्ट्रेलियन डलर | १ को | ७७।२५ | ७७।६३ |
| क्यानाडियन डलर | १ को | ८७।२६ | ८७।६९ |
| सिंगापुर डलर | १ को | ८६।१८ | ८६।६० |
| जापानी येन | १० को | ११।२३ | ११।२९ |
| चिनियाँ युआन | १ को | १७।३१ | १७।३९ |
| साउदी अरब रियाल | १ को | ३२।३८ | ३२।५४ |
| कतारी रियाल | १ को | ३३।४४ | ३३।६१ |
| थाई भाट | १ को | ३।७३ | ३।७५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३३।१५ | ३३।३१ |
| मलेसियन रिंगेट | १ को | २८।२५ | २८।३९ |
| दक्षिण कोरियन वन | १०० को | १०।०६ | १०।११ |
| स्विडिस क्रोनर | १ को | १२।२६ | १२।३२ |
| डेनिस क्रोनर | १ को | १७।८५ | १७।९३ |
| हङकङ डलर | १ को | १५।७१ | १५।७८ |
| कुवेती दिनार | १ को | ३९१।५२ | ३९३।४५ |
| बहराइन दिनार | १ को | ३२१।०२ | ३२२।६० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



**अस्थायी काठेपुल तर्दै** लगातार अविरल वर्षाले काठेपुल बगाएपछि जुम्लाको तातोपानी गाउँपालिका- ४ स्थित गिडीखोलाका स्थानीयबासी अस्थायी काठेपुलबाट आफ्नो गन्तव्यतर्फ जाँदै महिला तथा बालिका। *तस्बिर: रासस*

# 'संविधान रक्षाका लागि गठबन्धन'

■ प्रभाव संवाददाता

**गोरखा–** नेपाल कम्युनिस्ट पार्टी माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले संविधान नै खतरामा परेका बेला वर्तमान संविधानको रक्षाका लागि गठबन्धन बनेको बताएका छन् ।

शनिवार गोरखामा आयोजित गठबन्धन दलहरूको अगुवा कार्यकर्ता अभिमुखिकरण कार्यक्रममा बोल्दै उनले वर्तमान बामलोकतान्त्रिक गठबन्धन निर्वाचनका लागि नभई संविधानको रक्षाका लागि बनेको बताए । उनले भने, 'यो गठबन्धन निर्वाचनका लागि भएको होइन ।'

उनले राजनीतिक स्थायित्वका लागि बाम गठबन्धन गरिएको बताए । तर, एमालेसँगको पार्टी एकताको अनुभव भने अहिले गठबन्धनमा काम लागेको बताए ।

अध्यक्ष दाहालले भने, 'संविधान ध्वस्त पार्ने अवस्था आएपछि त्यसको रक्षाका लागि गठबन्धन निर्माण गरिएको हो ।' उनले पटक-पटक संविधान च्यात्ने कोसिस भएपछि यो गठबन्धनले संविधानको रक्षा गरेको बताए ।

अब यही गठबन्धन मंसिर ४ गतेको चुनावमा जाने बताए ।

उनले कांग्रेस सभापतिसँग पटक पटक बैठक बसेर नेपाली कांग्रेस, माओवादी र अन्य लोकतन्त्रवादी वामपन्थी पार्टीको गठबन्धन बनेको बताए ।

गठबन्धनको महत्त्व दर्साउँदै अध्यक्ष दाहालले आफू नयाँ



रेकर्ड बनाउने उद्देश्यसहित गोरखामा निर्वाचन लड्न लागेको बताए । उनले गोरखा जिल्ला आफ्नो लागि अपरिचित जिल्ला नभएको जनाउँदै भन्दै यसको छुट्टै महत्त्व रहेको समेत बताए । उनले गोरखाको भूगोल, संस्कृति र जनतालाई आफूले राम्रोसँग बुझेको स्पष्ट पारे ।

उनले आफू गोरखा २ नम्बर क्षेत्रबाट निर्वाचन लड्न लागेको भए पनि समग्र गोरखा जिल्लालाई आधार बनाएर देशको आर्थिक समृद्धिको थालनी पनि गोरखाबाट नै गर्ने बताए ।

उनले नेपालमा थुप्रै राजनीतिक परिवर्तन भए पनि आर्थिक समृद्धिसँग जोडेर अघि बढाउन नसक्दा दिगो विकास नभएको बताए ।

शनिबारै अध्यक्ष दाहालले भूकम्पपछि पुन:निर्माण गरिएको ऐतिहासिक गोरखा दरबारको अवलोकन गरेका थिए ।

गोरखा दरबारको अवलोकन गर्दै उनले गोरखा ऐतिहासिक धार्मिक तथा सांस्कृति हिसाबले महत्त्वपूर्ण जिल्ला भएको बताए । गोरखाको ऐतिहासिक विरासत बोकेको गोरखा दरबार प्रचार-प्रसारमा जोड दिनुपर्ने बताए । पर्यटन क्षेत्रको विकासमार्फत जिल्लाको आर्थिक समृद्धिको पर्याप्त सम्भावना रहेको उनले बताए ।

उनले गोरखाको इतिहासले देशको गरिमालाई उँचो पारेकोसमेत बताए ।

# कर्णालीमा बाढीपहिरोले साढे १० हजार नागरिक घरबारविहीन

■ सुरेश आचार्य

**सुर्खेत–** बाढीपहिराका कारण कर्णाली प्रदेशमा १० हजार सात सय १४ जना घरबारविहीन भएका छन् । कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेतका अनुसार सबैभन्दा धेरै मुगुमा पाँच हजार दुई सय ८२ जना घरबारविहीन भएका छन् ।

कालीकोटमा एक हजार सात सय ६३, जुम्लामा एक हजार सात सय २५, सल्यानमा छ सय ३९, सुर्खेतमा पाँच सय ६६, हुम्लामा चार सय ७४, दैलेखमा दुई सय सात, डोल्पामा २५, जाजरकोटमा १८ र रुकुमपश्चिममा १५ जना घरबारविहीन भएको प्रदेश प्रहरी कार्यालयले जनाएको छ ।

बाढी पहिराबाट कर्णालीमा एक हजार सात सय २० घरधुरी विस्थापित भएका छन् । त्यसमा मुगुमा सात सय २३, जुम्लामा तीन सय ६८, कालीकोटमा दुई सय ३५, सुर्खेतमा एक सय ३९, सल्यानमा एक सय २७, हुम्लामा ७३, दैलेखमा ४४, डोल्पा र रुकुमपश्चिममा चार/चार तथा जाजरकोटमा तीन घरधुरी विस्थापित भए ।

यस्तै बाढी पहिरामा परेर कर्णालीमा ३६ जनाको मृत्यु भएको छ । बाढी पहिराबाट जुम्लामा १० जना, मुगुमा आठ, कालीकोटमा छ, हुम्लामा चार, जाजरकोट सल्यानमा तीन/तीन, दैलेख र डोल्पामा एक/एक जनाले ज्यान गुमाएको प्रदेश प्रहरी कार्यालयले जनाएको छ ।

बाढी पहिरामा परेर कर्णाली प्रदेशको कालीकोटमा सबैभन्दा धेरै १७ जना बेपत्ता भएका छन् भने दैलेख, जुम्ला र डोल्पामा एक/एक गरी २० जना बेपत्ता भएका छन् । तीमध्ये एक जना नेपाल प्रहरीका जवान रहेको जनाइएको छ ।

त्यस्तै बाढीपहिरामा परेर कर्णालीमा २८ जना घाइते भएका छन् । सबैभन्दा धेरै कालीकोटकै १० जना घाइते भएका छन् भने हुम्लामा छ, मुगु र जुम्लामा पाँच/पाँच जना तथा जाजरकोट र रुकुमपश्चिममा एक/एक जना घाइते भएका छन् । प्रदेश प्रहरी कार्यालयका अनुसार कर्णालीमा पूर्णरूपमा एक हजार एक सय ४० घर भत्किएका छन् भने आंशिक एक हजार छ सय १२ घर भत्किएका छन् । त्यस्तै बाढी तथा पहिराबाट उच्च जोखिममा एक हजार चार सय ७७ घरधुरी रहेका छन् ।

पाँच दिनसम्म लगातार भएको वर्षाका कारण पानीले कर्णाली प्रदेशको मुगुमा दुई सय ५१, हुम्लामा दुई सय १७ र सल्यानमा ६४ गरी दुई सय ४६ पशुचौपायको मृत्यु भएको छ । बाढीपहिराका बेला उद्धार तथा राहत वितरणमा प्रदेशभर दुई हजार सात सय चार जना प्रहरी परिचालन गरिएको थियो ।

प्रदेश प्रहरी कार्यालयका अनुसार मुगुमा सात सय ५० जना, सल्यानमा पाँच सय ८०, जुम्लामा दुई सय ६५, रुकुमपश्चिममा दुई सय २९, कालीकोटमा दुई सय २५, जाजरकोटमा दुई सय १७, सुर्खेतमा एक सय ९४, हुम्लामा एक सय १४, दैलेखमा ८० र डोल्पामा ५० जना सुरक्षाकर्मी परिचालन गरिएको थियो ।

कर्णाली प्रदेश प्रहरी कार्यालयका प्रमुख (डिआइजी) पोषराज पोखरेलले बेपत्ता व्यक्तिको खोजीकार्यसँगै अन्य क्षतिको विवरण संकलनका लागि नेपाल प्रहरी अहिले पनि प्रभावित क्षेत्रमा खटिइरहेकाले उल्लेखित विवरणमा थपघट हुनसक्ने जानकारी दिए ।

पहिराले कर्णाली क्षेत्रको अवरुद्ध यातायात आंशिकरूपमा सञ्चालनमा आए पनि पूर्णरूपमा यातायात सञ्चालनमा ल्याउन अझै केही दिन लाग्नेछ । कर्णाली राजमार्ग कर्णाली करिडोर (हुम्ला जाने), रत्न राजमार्गसहित जाजरकोट, दैलेख जाने सडकमा ठूलो क्षति भएको छ ।

'पूर्णरूपमा विच्छेद भएको सडक सञ्जाल आंशिकरूपमा सञ्चालनमा आएको छ', प्रदेश प्रहरी कार्यालयका प्रमुख पोखरेलले भने, 'पूर्णरूपमा विच्छेद भएको कर्णाली करिडोर र कर्णाली राजमार्ग खुल्न अझै महिना दिन बढी लाग्ने देखिन्छ ।'

उनका अनुसार मुख्य राजमार्ग मात्र नभएर कतिपय सहायक राजमार्ग पनि अझै पूर्णरूपमा सञ्चालनमा आउन सकेका छैनन् । पहिराले दर्जनौं स्थानमा राजमार्ग अवरुद्ध भएपछि राहत र उद्धारमा पनि कठिनाइ भइरहेको प्रदेश प्रहरी कार्यालयले जनाएको छ ।

विस्थापितलाई सरकारले हेलिकप्टरमार्फत राहत वितरण गरिरहेको पनि डिआइजी पोखरेलले जानकारी दिए । सडक सञ्जाल विच्छेद भएपछि हेलिकप्टरमार्फत टेण्ट, कम्मलसहित अन्य राहतका सामग्री बाढीपहिरो प्रभावित जिल्लामा पुऱ्याइएको छ । *रासस*

## आचारसंहितामा...
पृष्ठ १ बाट जारी

यस्तै, पहिलो हुने निर्वाचित हुने (प्रत्यक्ष) प्रणालीका लागि शनिबारसम्म १७ लाख मतपत्र छपाइ भएको आयोगले जानकारी दिएको छ। आयोगले समानुपातिक निर्वाचन प्रणालीतर्फको प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनका लागि मतपत्र ढुवानीसमेत सुरू गरेको छ।

आयोगका अनुसार हालसम्म खोटाङ, ओखलढुंगा, सोलुखुम्बु, उदयपुर, सप्तरी, महोत्तरी, धनुषा, सिरहा, ताप्लेजुङ, पाँचथर, इलाम, झापा, संखुवासभा, तेह्रथुम, भोजपुर, धनकुटा, मोरङ र सुनसरी जिल्लामा मतपत्र ढुवानी भएको छ।

**लौरोसहित चुनाव चिह्न हेरफेर**

आयोगले मंसिर ४ गते हुने प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्यको निर्वाचन प्रयोजनका लागि निर्धारित चिह्नमध्ये तीन वटामा सामान्य हेरफेर गरेको छ।

आयोगको असोज २७ गतेको निर्णयअनुसार प्रतिनिधिसभा सदस्य निर्वाचन तथा प्रदेशसभा सदस्यको निर्वाचन निर्देशिका, २०७९ को दफा ८७ ले दिएको अधिकार प्रयोग गरी ती निर्वाचन चिह्नको अनुसूचीमा रहेको आकारमा हेरफेर गरिएको जनाएको छ। चिह्न भने उही रहेको छ। निर्वाचन आयोगमा अभिलेखमा रहेको निर्वाचन चिह्नको नाम र चिह्नमा केही भिन्नता देखिएको र आयोगमा रहेको अभिलेख र निर्देशिकामा रहेको विवरणबीच भिन्नता पाइएकाले उक्त निर्णय गरिएको आयोगका सहायक प्रवक्ता कमल भट्टराईले जानकारी दिए।

उक्त निर्णयबमोजिम प्रतिनिधिसभा सदस्य निर्वाचन तथा प्रदेशसभा सदस्य निर्वाचन निर्देशिका, २०७९ को अनुसूची २९ को क्रम संख्या १३ मा रहेको हाम्रो नेपाली पार्टीको निर्वाचन चिह्न लौरो र अनुसूची–३० को खण्ड (क) मा रहेका प्रतिनिधिसभा सदस्य निर्वाचनको प्रयोजनका लागि राखिएको स्वतन्त्र उम्मेदवारको निर्वाचन चिह्नअन्तर्गत डोजर र क्रस खुकुरी चिह्नमासमेत हेरफेर गरिएको आयोगका सहायक प्रवक्ता भट्टराईले बताए।

# आचारसंहिताको उल्लंघन गर्ने उम्मेदवारलाई स्पष्टीकरण सोध्न निर्देशन

■ प्रभाव संवाददाता

**गण्डकी–** प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले निर्वाचन आचारसंहिताको उल्लंघन गरेमा तत्काल आयोगमा लिखित वा मौखिक जानकारी दिन आग्रह गरेका छन् ।

पोखरामा आयोजित जिल्ला आचारसंहिता अनुगमन समितिको बैठकमा बोल्दै उनले आयोगले तोकेका अनुगमन अधिकृतलाई आचारसंहितालाई कडाइका साथ पालना गर्न गराउन निर्देशन दिए ।

उनले आचारसंहिताको उल्लंघन गर्ने उम्मेदवारलाई २४ घण्टाभित्र स्पष्टीकरण सोध्न निर्देशनसमेत दिए । उनले उम्मेदवारबाट चित्त बुझ्दो जवाफ पेस नभएमा उम्मेदवार रद्द गर्ने समेतको अधिकार निर्वाचन आयोगलाई भएकोले त्यससम्बन्धी विवरण स्पष्ट खुलाइ आयोगमा लेखिपठाउन निर्देशन दिए ।

निर्वाचन आयोग ऐन २०७३ को दफा २२ ले दिएको अधिकार प्रयोग गरेर आयोगले निर्वाचन आचारसंहिता, २०७९ निर्माण गरेको छ । निर्वाचन आचारसंहिता, २०७९ को दफा ४६ मा 'कसैले आचारसंहिता उल्लंघन गरेमा आयोगले निर्वाचन आयोग ऐन, २०७३ को दफा २३ बमोजिम रु एक लाखसम्म जरिवाना गर्न वा उम्मेदवारी रद्द गर्न सक्नेछ ।'

उम्मेदवारले मनोनयन दर्ता गर्ने क्रममा बुझाएको विवरणमा उल्लेख भएबमोजिमको स्रोतबाट खर्च गरेको नगरेकोबारे आयोगले निगरानी गर्ने बताउँदै निर्वाचन आयुक्त थपलियाले निर्वाचन आचारसंहिता उल्लंघन गर्ने कर्मचारीलाई समेत कारबाही गर्न सुरु भइसकेको बताए । कर्मचारीले निर्वाचन सम्पन्न नहुँदासम्म सामाजिक सञ्जाल प्रयोगमासमेत सचेतता अपनाउन जरुरी छ ।

बैठकमा कास्कीका मुख्य निर्वाचन अधिकृत प्रकाश खरेल, कास्कीका प्रमुख जिल्ला अधिकारी एवं जिल्ला आचारसंहिता अनुगमन समितिका सह-संयोजक टेकबहादुर केसी, सदस्य प्रहरी उपरीक्षक अजय केसी, उप-अनुसन्धान निर्देशक मनोज ढकाल, अनुगमन अधिकृत रामजी शर्मा र सदस्य सचिव हुमनाथ पराजुली लगायतले निर्वाचन आचारसंहिता पालना गर्नगराउन सञ्चालन गरिएका गतिविधिका बारेमा जानकारी गराएका थिए ।


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : UPTODATE MANUFACTURING (M) SDN BHD

पूर्व स्वीकृति मिति:२०७९/०६/२९ | LT. No. 273431 | चलानी नं. ६०१८९४७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Workers | 25 | 0 | 1500 | ४२,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : WALSIN PRECISION TECHNOLOGY SDN. BHD.

पूर्व स्वीकृति मिति:२०७९/०६/२९ | LT. No. 273732 | चलानी नं. ६०१८९४७७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Workers | 20 | 0 | 1500 | ४२,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ कार्तिक ६ गते (23rd Oct. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले  सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License 1211/073/074

**आशिर्वाद ओभरसिज प्रा. लि.**

बसुन्धारा, काठमाडौं, नेपाल फोन नं. +९७७-१-४९८४६३०, ५९०१५८६
फ्याक्स ०१-४३८४५५० मोबाइल नं. ९८५१०६७३५१ ९८०११३०८९२ र ९८६६९९९९२९
इमेल : hraashirbad@gmail.com Website : www.aahirbadovs.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NATIONAL FOOD COMPANY FOR SERVING MEALS

पूर्व स्वीकृति मिति २०७९/०३/१० | पून विज्ञापन स्वीकृति मिति २०७९/०६/२९ | LT. No. 265846 | चलानी नं. ६०१८१६८४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factor | 11 | 0 | 1000 | ३५,०९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MASARAT ALBON COMPANY

पूर्व स्वीकृति मिति २०७९/०२/२० | पून विज्ञापन स्वीकृति मिति २०७९/०६/२९ | LT. No. 264319 | चलानी नं. ६०१८०४११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factor | 4 | 0 | 1200 | ४२,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : FOOD TREE FOUNDATION TO SERVE MEALS

पूर्व स्वीकृति मिति २०७८/१२/२० | पून विज्ञापन स्वीकृति मिति २०७९/०६/२९ | LT. No. 260734 | चलानी नं. ६०१८०५२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Normal Factor | 4 | 0 | 1200 | ४२,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : FAWAZ SAIF MOHAMMED ABOU AMER- GULF SUMMIT INDUSTRIAL COMPANY

पूर्व स्वीकृति मिति २०७९/०३/१२ | पून विज्ञापन स्वीकृति मिति २०७९/०६/२९ | LT. No. 265824 | चलानी नं. ६०१८१८६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor | 3 | 0 | 1000 | ३५,०९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ कार्तिक ६ गते (23rd Oct. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रू. १,५००/- कामदार आफैंले  सेवा शुल्क: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)

श्रम इजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### सकारात्मक सुरुआत

मुलुक यतिबेला निर्वाचनको महामेलामा होमिएको छ । संविधान जारी भएपछि दोस्रोपटक प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन हुँदै छ । आउँदो मंसिर ४ गतेका लागि निर्वाचन तोकिएको छ । निर्वाचन आयोगले उम्मेदवारहरूलाई चुनाव चिह्न वितरण गरिसकेको छ । चुनाव चिह्न पाएपछि उम्मेदवारहरू यतिबेला आ–आफ्नो निर्वाचन क्षेत्रमा प्रचारप्रसारका काममा व्यस्त छन् । दिनहुँ जनभेटघाट र सभा, सम्मेलन, बैठकमा व्यस्त हुन थालेका छन् ।

आयोगले प्रदेश र प्रतिनिधिसभा निर्वाचनका लागि आचारसंहिता जारी गरिसकेको छ । निर्वँचनलाई स्वच्छ, स्वस्थ वातावरणमा सम्पन्न गर्न आयोगले आचारसंहिता जारी गर्ने गर्छ । आयोगले राजनीतिक दल उम्मेदवारका लागिमात्र होइन विभिन्न गैरसरकारी संस्था, शिक्षक, कर्मचारी, पत्रकारलगायतका लागि पनि आचारसंहिता जारी गरेको छ । कुनै पनि उम्मेदवारका पक्ष वा विपक्षमा मत माग्न प्रतिबन्ध मात्र होइन उम्मेदवारसँगको फोटो सामाजिक सञ्जालमा नराख्न, चुनावी प्रचारका पोस्टमा कमेन्ट नगर्न आयोगले आचारसंहिता जारी गरेको छ ।

निर्वाचन आयोग ऐन २०७३ को दफा २२ ले दिएको अधिकार प्रयोग गरेर आयोगले निर्वाचन आचारसंहिता, २०७९ निर्माण गरेको छ । निर्वाचन आचारसंहिता, २०७९ को दफा ४६ मा 'कसैले आचारसंहिता उल्लंघन गरेमा आयोगले निर्वाचन आयोग ऐन, २०७३ को दफा २३ बमोजिम एक लाख रूपैयाँसम्म जरिवाना गर्न वा उम्मेदवारी रद्द गर्न सक्नेछ' भन्ने उल्लेख छ ।

आयोगले तोकेका अनुगमन अधिकृतलाई आचारसंहिताको उल्लंघन गर्ने उम्मेदवारलाई २४ घण्टाभित्र स्पष्टीकरण सोध्न सक्ने अधिकार छ । उम्मेदवारबाट चित्तबुझ्दो जवाफ पेस नभएमा उम्मेदवारी रद्द गर्नेससम्मको अधिकार निर्वाचन आयोगलाई छ । अघिल्ला निर्वाचनहरूका तुलनामा आयोगले यसपटक अलि कडा आचारसंहिता बनाएको छ । आयोगले आचारसंहिता जारी गर्दै गर्दा धेरैले शंका गरेका थिए यसको पालना नगर्नेलाई कारबाही हुन्छ/हुँदैन ? तर, आयोगले जसरी अघिल्ला निर्वाचनका तुलनामा यसपपटक कडा आचारसंहिता बनाएको छ, त्यसरी त्यसको पालना भए/नभएको अनुगमन र कारबाही प्रक्रियामा पनि कडाइ गर्न थालेको छ ।

आयोगले आचारसंहिताको उल्लंघन गर्ने छ व्यक्ति र आठ संस्थालाई स्पष्टीकरण सोधिसकेको छ । यमसा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालदेखि जनमत पार्टीका अध्यक्ष चन्द्रकान्त राउतसम्म छन् । पचरौता नगरपालिका बाराका मेयर जलन्धर सिंह जैसवार, व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रका सातौं तहका अधिकृत गोकुल वस्ती, हाम्रो नेपाल पार्टीका अध्यक्ष अनन्तराज घिमिरे र प्रतिनिधिसभा सदस्य नुवाकोट निर्वाचन क्षेत्र नम्बर १ का उम्मेदवार बद्री मैनालीलाई पनि आयोगले स्पष्टीकरण सोधेको छ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सहरी विकास मन्त्रालय, नेपाल प्रज्ञा प्रतिष्ठान, अर्थ मन्त्रालय, धितोपत्र बोर्ड, बिमा समिति र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेशलाई पनि आयोगले स्पष्टीकरण सोधेको छ ।

हालै मात्र चुनाव चिह्न प्रदान गर्ने काम सकिएको र बल्ल प्रचारप्रचार सुरु भएकाले आचारसंहिता उल्लंघनका घटना अझै बढ्ने देखिन्छ । आयोग यसतर्फ चनाखो हुन जरुरी छ । आचारसंहिता पालना भए/नभएको अनुमगन र कडाइमा आयोगको सुरुआत सकारात्मक देखिएको छ । यसलाई आयोगले निरन्तरता देओस् । चुनावलाई निष्पक्ष, भयरहित, स्वच्छ र स्वस्थ बनाउने जिम्मा आममतदाता, नागरिक समाज, राजनीतिक दल, उम्मेदवार, आयोग सबैको हो । तर, कार्यान्वयन गराउने प्रमुख दायित्व भनेको निर्वाचन आयोगकै हो । यसमा आयोग चुक्नु हुँदैन । कानुनले दिएको अधिकार प्रयोग गरेर दण्डित गर्नेसम्मको काम गर्न सकियो भने आचारसंहिता उल्लंघनका घटना कम हुन सक्छन् ।

## मनन्योग्य

### चाणक्य नीति

निरन्तर अध्ययनबाट, विष्णुगुप्तले उपनिषद्, वेद, व्याकरण, गणित, अर्थशास्त्र, राजनीति शास्त्रविद्या, दर्शन, ज्योतिष, रसायन आदि विषयमा पाण्डित्य प्राप्त गरे उनीसँग शास्त्राय गर्न ठूला-ठूला विद्वान्हरू आउन लागे । तर, ती विद्वान्हरूले विष्णुगुप्तबाट हार खानुपर्थ्यो ।

कुलपतिको अनुरोधद्वारा त्यहीं विश्वविद्यालयमा आचार्य पदमा रही विष्णुगुप्त अध्यापन कार्य गरे । सूरदेशमा पनि उनका ज्ञानको चर्चा हुन थाल्यो ।

तर, यता भारत वर्षको राजनीतिक दशा छिन्नभिन्न थियो । यस समयमा आफ्ना स्वार्थमा लागेर साना राज्य आपसी युद्धमा अल्झिएका थिए । राज्यको सुखसमृद्धिको इच्छा त्यागी भोगविलास र मोजमस्तीमा नै राजाहरू उन्मुख थिए ।

युनानबाट आँधीझैं बनी सिकन्दरको रूपमा आइरहेथ्यो । यो समय ईशाभन्दा ३२६ वर्षपूर्वको हो । विश्वविजयको सपना देख्दै सिकन्दर आयो । विजयध्वजा फहराउँदै ऊ भारत देशको नजिक आइपुग्यो सिकन्दरले मनको नहद प्यूसँग खाँदै यी खाना राज्यमा बाँडिएका राज्य त्यति शक्तिशाली छैनन् भन्ने सोचेको थियो । उसले सम्झ्यो, साधारण सुझबुझबाट सुनको चुरा हात पर्नेछ । सिकन्दरले भारतमा पाइला टेक्यो । आफ्ना गुप्तचर सबैतिर खटाएर जनतालाई पैसा दिएर लोभमा पारी राज्यहरू र तिनका छेउछाउका राज्यको जानकारी पाउन जालसमेत सिकन्दरले फैलायो ।

उसले आफ्नो पहिलो लक्ष्य भारत वर्षको उत्तर-पश्चिममा बसेको तक्षशिला सहरका नरेश आम्भीलाई बनायो । कुनै युद्ध नै नगरी आम्भीले सिकन्दरले दासता स्वीकार गर्दै धेरै धन र बहुमूल्य उपहार पनि दिए । यो आम्भीको आफ्नो देशप्रति ठूलो विश्वासघात थियो सन्धिपछि सिकन्दरका सैनिकले उत्पात गर्न थाले । धेरै समयदेखि युद्धमा नै रहेका सैनिकहरू पत्नीबाट विछोड भएकाले तक्षशिलाका तरुनी देखेर कामुक भए । **क्रमश** :

# कानुनी शिक्षामा वैज्ञानिक पाठ्यक्रमको आवश्यकता



श्रीकृष्ण पौडेल

मानव सभ्यताको विकास र विस्तारसँगै सामाजिक परिवेश र सामाजिक सहअस्तित्व कायम गर्न कानुनको आवश्यकता महसुस गरिएको हो । मानव सभ्यताको सुरुआतसँगै यहाँसम्म आइपुग्नुमा कानुनी संरचनाले खेलेको महत्त्वपूर्ण भूमिकालाई कम आकलन गर्न सकिँदैन । मानव व्यवहारलाई नियन्त्रण र नियमन गर्ने महत्त्वपूर्ण साधनको रूपमा कानुनलाई लिइन्छ । सबल र सभ्य समाज निर्माणका लागि कानुनको आवश्यकतालाई भुल्नु हुँदैन । कानुनी ज्ञानको उपलब्धता प्रभावकारी बनाउने कडीको रूपमा कानुनी शिक्षालाई लिन सकिन्छ । विधिशास्त्रीहरूले कानुन समाजमा अभ्यास गरिने साधन हो भन्छन् । कानुनको मुख्य उद्देश्य मानव जीवनलाई शासित गर्ने हो । मानवलाई आफू नियन्त्रित र चलायमान हुने साधनको बारेमा ज्ञान हुन जरुरी छ । भनिन्छः जहाँ मानव हुन्छन्, त्यहाँ कानुन हुन्छ (इट क्याननट रन इन भ्याकुम) । त्यसैले कानुनी शिक्षाको महत्त्व व्यापक छ ।

नेपाली कानुन प्रणालीमा धर्म, संस्कृति, मूल्यमान्यताले प्रभाव जमाउँदै आएको छ । मनुस्मृति, नारदस्मृति, शुक्रनीति, याज्ञवाल्क्यस्मृति आदिले नेपाली कानुनी प्रणालीको विकासमा टेवा पुर्‍याएका छन् । हामी धर्मशास्त्रबाट नै शासित भएको हुनाले यसमा कानुनी शिक्षा पनि समाहित हुने गर्दथ्यो । प्राकृतिक कानुन, मौलिक हक, मानवअधिकार, मानव अस्तित्व रक्षाजस्ता नयाँ आयामको सुरुआतसँगै धर्म र संस्कृतिलाई अलग्गै हेर्न थालियो ।

नेपाली इतिहासको विभिन्न कालखण्डमा अपराध रोकथाम, दण्ड-सजाय, न्याय व्यवस्थाका लागि विभिन्न कार्य भएको पाइन्छ । अपराधको प्रकृति, विवाद समाधान, साक्षी परीक्षण, दण्ड-सजाय आदिमा काम गर्न विभिन्न तह र विभाग सक्रिय थिए । कानुनी दस्तावेजहरूको प्रकाशनपश्चात् कानुनलाई धर्मशस्त्रबाट अलग राखेर हेर्न थालियो । नेपालमा कानुनी शिक्षाको सुरुआत भने श्रेस्ता पाठशालाबाट भएको पाइन्छ । श्रेस्ता पाठशालाको स्थापना वि.सं. १९६२ सालमा भएको थियो ।

वि.सं. १९१० को मुलुकी ऐन जारी भएपछि १९६२ सालसम्म कानुनी जटिलता समाधान गर्न अनुभवको आधारमा र केही कानुनका जानकार व्यक्तिहरूको सहयोगमा अड्डाबाट कार्य गरिन्थ्यो । कानुनी शिक्षाको थालनी र विकासमा श्रेस्ता पाठशालाको योगदान अतुलनीय रहेको कुरामा कुनै शंका रहेन । निजामती कर्मचारीको परीक्षाका लागि अध्ययन गराउने र पासको प्रमाणपत्र दिने व्यवस्था गरियो । कानुनी शिक्षाको लामो इतिहास हाम्रसामु रहँदा पनि कानुनी शिक्षाको गुणस्तरीयता र यसको सम्वर्द्धन भने त्यति सन्तोषजनक छैन । समाज परिचालन, सामाजिक व्यवहार र जीवनयापनमा महत्त्वपूर्ण रहेको कानुनी शिक्षा यो अवस्थामा आउनुमा सरोकारवाला निकायको उदासीनताको गुञ्जायस देखिन्छ ।

नेपालमा कानुनी शिक्षाको इतिहाससम्बन्धी विभिन्न अनुसन्धानमूलक लेखहरू प्रकाशित छन् । कानुनी शिक्षाको निरन्तरताका लागि वि.सं. २०११ सालमा नेपाल ल क्याम्पसको स्थापना भयो । कानुनी शिक्षा प्रदान गर्ने विशिष्टीकृत संस्थाको रूपमा नेपाल ल क्याम्पसलाई लिन सकिन्छ । अहिले न्याय क्षेत्रका दिग्गज व्यक्ति र कानुन निर्माण गर्ने क्षेत्रमा यही क्याम्पसबाट अध्ययन गरेका व्यक्तित्वहरूको उपस्थिति रहेको छ । त्यसैगरी अधिकांश कानुन व्यवसायमा संलग्न कानुन व्यवसायीहरू पनि यसै ल क्याम्पसका हुन् । स्थापनाका बखत भारतको पटना विश्वविद्यालयबाट सम्बन्धन लिई कानुनी शिक्षाको अध्ययन विश्वविद्यालयस्तरबाट थालनी भएको हो ।

वि.सं. २०११ सालमा स्थापना भएको यो क्याम्पस त्रिभुवन विश्वविद्यालयभन्दा पनि पाँच वर्ष पुरानो अध्ययन संस्थान हो । पछि त्रिभुवन विश्वविद्यालय ऐन २०१६ कार्यान्वयनमा आएपछि नेपाल ल क्याम्पसले यसै विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गर्‍यो । यसरी हेर्दा नेपाल ल क्याम्पस नेपालको जेठो कानुनी शिक्षा प्रदान गर्ने शैक्षिक संस्था हो भन्न सकिन्छ । विभिन्न अभिलेखबाट प्राप्त जानकारी अनुसार वि.सं. २०११ कात्तिक ५ गते ल क्याम्पस उद्घाटन समारोहमा प्राचार्य रामराज पन्तले गरेको भाषणमा 'सुरुआती दिनमा २५ जना विद्यार्थी लिई पठनपाठन सुरु भएकोमा हाल ७२ जना विद्यार्थी रहेको' भनी उल्लेख छ । यस भाषणबाट उक्त समयमा पनि कानुन अध्ययन गर्न चाहने विद्यार्थीको संख्या उत्कृष्ट रहेको थाहा पाउन सकिन्छ । यसरी कानुनी शिक्षाको थालनीको इतिहासमा महत्त्वपूर्ण भूमिका खेलेको नेपाल ल क्याम्पसका उत्पादकहरूले नेपालको समग्र कानुन प्रणालीको विकास र न्यायिक प्रक्रियामा सामेल भई यसको सुधारमा पनि लागिपरेका छन् ।

बर्सेनि दक्ष जनशक्ति उत्पादनमा नेपाल ल क्याम्पसले योगदान गरे पनि कानुनी शिक्षाको गुणस्तरमा भने प्रश्न खडा भएको देखिएको छ । हाल विभिन्न विश्वविद्यालयअन्तर्गत कानुन विषयको अध्ययन अध्यापन हुन्छ र माध्यमिक तहको ११ र १२ मा पनि कानुन अध्ययन अध्यापन हुन्छ । माध्यमिक तहको ११ र १२ मा कानुन अध्ययन गर्ने विद्यार्थीले पूरै कानुनका विषय पढ्नुपर्छ भने स्नातकमा कला (आर्टस्)का विषयहरू समेत अध्ययन गर्नुपर्छ । ११ र १२ मा कानुन पढेका विद्यार्थीलाई फेरि स्नातकमा अरू विषय पढ्नुपर्ने बाध्यता छ । अध्ययनको औचित्यतासम्बन्धी अध्ययन गरेर विद्यार्थीलाई अन्योलमा राख्नुहुँदैन । स्नातक तहको सेमेस्टर प्रणालीअन्तर्गतको बिएएलएलबी प्रवेश परीक्षामा बढ्दो आकर्षणसँगै अपेक्षित मात्रामा विद्यार्थी भर्ना गर्न सकिएको छैन ।

देशमा कानुन निर्माण, सरकार सञ्चालन, न्याय सम्पादन, प्रशासनिक काम कारबाहीमा पनि अब्बल देखिएका यस्ता उत्पादनहरूको प्रतिस्पर्धाले कानुनी शिक्षाको स्तर मापन गर्ने र समग्र न्याय प्रणालीको क्षमता पनि निर्धारण गर्ने हुँदा यसको प्रभावकारिता अभिवृद्धि गराइ गुणस्तरीयतामा ध्यान दिन जरुरी छ । कानुनी शिक्षालाई यसरी जीवनोपयोगी बनाउन सकिन्छ भन्ने विषयमा सरोकारवाला निकाय जागरूक हुनुपर्दछ । नेपालमा विश्वविद्यालयस्तरमा हुँदैन । राज्यको प्रमुख अंगको रूपमा रहेको र न्याय सम्पादनजस्तो महत्त्वपूर्ण जिम्मेवारी बहन गर्ने न्यायपालिकामा सक्षम र कुशल न्यायमूर्ति हुन आवश्यक छ र यसको निर्क्यौल उसले प्राप्त गर्ने कानुनी शिक्षामा निर्भर गर्दछ । संविधानको मर्म भावनाअनुसार काम गर्नु र जनहितको पक्षमा काम गर्नु नै सरकारको उद्देश्य र विधिको शासन, शान्ति सु-व्यवस्था, सामाजिक न्यायको सुनिश्चितता र समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्नु सरकारको लक्ष्य हुनुपर्दछ ।

जब कानुनी शिक्षा नै भरपर्दो, जनमुखी र व्यावहारिक हुँदैन आमनागरिकले कानुनी शासनको प्रत्याभूत गर्न सक्दैनन् । गुणस्तरीय कानुनी शिक्षाको माध्यमबाट नै देशमा स्वतन्त्र न्यायपालिका, मानवअधिकार र कानुनी राज्यको परिकल्पना गर्न सकिन्छ । अधिवक्ता यज्ञमणि न्यौपानेविरुद्ध त्रिभुवन विश्वविद्यालयसमेत विपक्षी रहेको मुद्दामा सम्मानित सर्वोच्च अदालतले सफल कानुनी राज्यका लागि दक्ष र असल कानुनकर्मी उत्पादन गर्न प्रभावकारी कानुनी शिक्षा प्रणाली आवश्यक हुन्छ भनी उल्लेख गरेको स्थिति छ । त्यसैले कानुनी शिक्षा महत्त्वपूर्ण विषय हो, यसबाट सम्बन्धित सरोकारवाला निकाय पन्छिन मिल्दैन । सबै सरोकारवाला निकायको गहन बहस जरूरी छ, जसमा कानुनी शिक्षाको विकास विस्तारमा सार्थक संलग्नता आवश्यक छ ।

कानुनी शिक्षा कानुन अध्ययन गर्ने विद्यार्थी, न्यायाधीश, कानुन निर्माता, कानुन व्यवसायी, प्राज्ञिक र अनुसन्धानकर्ताका लागि मात्र उपयोगी होइन आफ्नो जीवनमा आइपर्ने कानुनी झण्झटबाट मुक्त हुन र सामाजिक सहिष्णुता कायम गर्न पनि कानुनी ज्ञान आवश्यक छ । कानुनको अनभिज्ञता क्षम्य हुँदैन भन्ने कानुनको सर्वमान्य सिद्धान्त रहेको छ । व्यक्तिले कानुनको उल्लंघन गर्दा राज्यले उक्त कार्यलाई कानुनको दायरामा ल्याई कारबाही गर्दछ । कानुनको उल्लंघन गर्दा सजायको कुरामा सर्वप्रथम सरकारले उक्त कानुन जनतालाई बुझाउन के गर्‍यो, कस्तो संयन्त्रले जनतालाई कानुन सिकायो र कानुनको उल्लंघनमा सजाय गर्‍यो भन्ने प्रश्न विद्यमान छ ।

संविधान जारी भएको सात वर्ष पुग्न लाग्दा पनि यसको पर्याप्त प्रकाशन हुन सकेको छैन । यथेष्ट मात्रामा कानुनको प्रकाशन र शिक्षा उपलब्ध गराउन सकियो भने मात्र हामीले खोजेको समृद्ध नेपालको चाहना पूरा गर्न सकिन्छ । कानुनी शिक्षामार्फत जनतालाई सचेत गराई दण्डहीनतारहित समाजको निर्माण गर्न सकिने कुरामा कुनै द्विविधा छैन । जनसंख्याको अनुपातमा आवश्यक पर्ने संख्याको अनुमान गरी प्रकाशन गर्न र कानुनको प्रचारप्रसार हुन सकेको छैन । राज्यको स्रोतले नभ्याउने हो भने विद्यालयस्तरबाट कानुनी शिक्षा उपलब्ध गराउन सकिन्छ । पन्ध्रौं योजनामार्फत कानुनी शिक्षा र शिक्षण प्रणालीलाई व्यवस्थित, गुणस्तरीय र आधुनिक बनाउने रणनीति तय गरी कानुनी शिक्षा र शिक्षण प्रणालीलाई प्रविधियुक्त बनाई नागरिक शिक्षासँग जोड्ने र आधुनिकीकरणसँगै विधागत रूपमा विशिष्टीकृत गर्दै व्यावसायिक र आकर्षित बनाउन कार्यनीति जारी गरिएको अवस्था छ ।

आवश्यकता महसुस गरिएको विषय भए पनि सरोकारवाला निकायको बेवास्ता कायम छ । वर्तमान समयमा आपराधिक घटनामा बालबालिकाको बढ्दो संलग्नताले गम्भीर समस्या निम्त्याउँदै छ । विद्यालय शिक्षामा कानुनी शिक्षाको अभावले त्यस्ता घटना बढ्दै गएका हुन् कि भन्ने शंका गर्न सकिन्छ । महान्यायाधिवक्ताको कार्यालयको वार्षिक प्रतिवेदन २०७७/७८ मा उल्लेख भएअनुसार कानुनको विवादमा परेका बालबालिकाको संख्या एक हजार ८०३ रहेको छ । कानुनी शिक्षाको क्षेत्र व्यापक छ र यसलाई विश्वविद्यालयले प्रदान गर्ने शिक्षासँगै कानुनी सचेतनासँग पनि जोड्न सकिन्छ ।

विद्यालय शिक्षाको पाठ्यक्रम परिमार्जन गरी केही आपराधिक घटनामा कानुनी व्यवस्थाबारे सन्दर्भ सामग्रीमा उल्लेख गर्न सकिन्छ । हाम्रो शिक्षा पद्धति व्यवहारमुखि र व्यावसायिक नरहेको भनेर आलोचना भइरहन्छ । शिक्षण सिकाइ विधिमा कक्षाकोठामा साँच्चिकै शिक्षकले अभ्यास गराए कि गराएनन् भनेर जाँच गर्ने संयन्त्रको व्यवस्था छैन । त्यसैले विद्यालय तहका पुस्तकमा पाठ्यक्रमभित्र समावेश गरेर कानुनी शिक्षा प्रदान गर्न सकियो भने देशमा आपराधिक घटनामा कमी आउने र शान्ति सुव्यवस्था कायम गर्न सकिन्छ । मुलुक निर्माणमा टेवा पुर्‍याउनसक्ने जनशक्ति उत्पादनका लागि सरकारले यथेष्ट मात्रामा बजेट विनियोजन गरी खर्च गर्न डराउन हुँदैन ।

नेपालमा कानुनी शिक्षाको गुणस्तरमा जिम्मेवारी बहन गर्ने र प्रभावकारी भूमिका खेल्ने नेपाल बार काउन्सिल, महान्यायाधिवक्ता कार्यालय, नेपाल बार एसोसिएसन, सर्वोच्च अदालत, विश्वविद्यालय, शिक्षण संस्था आदि हुन् । काउन्सिलले विश्वविद्यालय र कक्षा १२ सम्म अध्ययन गराउने शैक्षिक संस्थाको कानुनी शिक्षाको मापदण्ड निर्माण गर्ने र पाठ्यक्रम स्वीकृत गर्ने काम गर्दछ । वर्तमान अवस्थामा कानुन व्यवसायीको परीक्षा लिने र उत्तीर्ण हुनेलाई केही दिन तालिम दिएर प्रमाणपत्र दिने, त्यसैगरी आचारसंहिताविपरीत कार्य गर्ने केही



पाठ्यक्रममा रहेका विषयवस्तु के साँच्चिकै अनुसन्धानमा आधारित छन् ? व्यावहारिक शिक्षण सिकाइ छ, यस्तो पठनपाठनले न्याय प्रणाली सुधार गर्न सक्छ कि सक्दैन भन्ने विषयमा कसैको चासो नभएकोमा आपत्ति छ । अध्ययन गर्ने हो भने नवोदित कानुन व्यवसायी कानुनी लिखत गराउन, बहस प्रस्तुति गर्न र मुद्दामा मस्यौदा गर्न पोख्त छैनन् । न्यायलयजस्तो महत्त्वपूर्ण र संवेदनशील राज्यको अंगमा यस्तो उदासीनता किन ?

कानुनको पाठ्यक्रम बनाउने जिम्मा नेपाल बार काउन्सिललाई दिइएको छ । नेपाल बार काउन्सिलको अध्यक्ष महान्यायाधिवक्ता हुने र उपाध्यक्ष नेपाल बार एसोसिएसनका अध्यक्ष हुने व्यवस्था छ । त्यसैले नेपाल बार एसोसिएसन र महान्यायाधिवक्ता कार्यालयको भूमिका महत्त्वपूर्ण छ ।

केही विद्यार्थी संगठनको दबाब र सर्वोच्च अदालतको आदेशसमेतको आधारमा १० हजारभन्दा विद्यार्थी भर्ना गरेर कानुनी शिक्षाको गुणस्तरमा प्रश्न चिह्न खडा भएको छ । न्याय सेवामा कानुनमा स्नातक गरेको भनेर शैक्षिक योग्यता राखिएको छ र गुणस्तरीय कानुनी शिक्षाको अभावमा त्यस्ता जनशक्तिले कस्तो योगदान गर्छन् र न्याय व्यवस्था सुध्रिन सक्छ ? लामो समयदेखि पाठ्यक्रम परिमार्जन नहुने र शिक्षण सिकाइ विधि विद्यार्थीकेन्द्रित नहुनुले पनि कानुनी शिक्षाको गुणस्तरीयतामा प्रश्न चिह्न खडा भएको छ । कानुनी शिक्षालाई अनुसन्धानमा आधारित बनाइ विश्लेषणात्मक अध्ययनद्वारा व्यावहारिक ज्ञानमा आधारित न्यायपालिकामा टेवा पुर्‍याउनसक्ने जनशक्ति उत्पादनमा केन्द्रित गर्न नसकिनु, त्यसैगरी तोकिएको शैक्षिक सत्रभित्र विद्यार्थीले आफ्नो अध्ययन पूरा गर्न नपाउनु र उनीहरूलाई सैद्धान्तिकभन्दा व्यावहारिक ज्ञानको शिक्षा कम उपलब्ध गराइनुले नेपालमा कानुनी शिक्षाको गुणस्तरीयताको विस्तारमा अवरोध सिर्जना भएको छ भन्ने आभाष हुन्छ ।

नेपाल ल क्याम्पसको स्थापना दिवस विशेषांक २०७९ मा कानुनी शिक्षासम्बन्धी अनुसन्धानात्मक लेखमा समग्र नेपालको कानुनी शिक्षाको इतिहासको चर्चा गरिएको छ । यति लामो इतिहास बोकेको कानुनी शिक्षाको वर्तमान अवस्था सन्तोषजनक नहुँदा भावी कार्यदिशा कस्तो हुने भन्ने विषयमा खासै छलफल भएको छैन । कानुनी शिक्षा हासिल गर्ने माध्यम के साँच्चिकै प्रभावकारी छन् ? र, उनीहरूले सिकेका कुराले नेपाली न्याय प्रणालीमा कस्तो योगदान गरेका छन् वा कत्तिको उपयोगसिद्ध भएका छन् भनेर लेखाजोखा भएको पाइँदैन ।

अर्कातिर नेपालमा कानुनी शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाहरूले लिने शुल्क उच्च रहेको छ । मध्यम आय वर्ग भएका परिवारका सन्तानले नेपालमा कानुनी शिक्षा लिन नसक्ने स्थिति देखापरेको छ । कानुनी क्षेत्र बौद्धिकता र कुशलता देखाउने स्थान हो र यो विषय अध्ययन गर्न आर्थिक अवस्थाले फरक पार्नु कानुन व्यवसायीको प्रमाणपत्र रद्द गर्ने गरेको छ ।

पाठ्यक्रममा रहेका विषयवस्तु के साँच्चिकै अनुसन्धानमा आधारित छन् ? व्यावहारिक शिक्षण सिकाइ छ, यस्तो पठनपाठनले न्याय प्रणाली सुधार गर्न सक्छ कि सक्दैन भन्ने विषयमा कसैको चासो नभएकोमा आपत्ति छ । अध्ययन गर्ने हो भने नवोदित कानुन व्यवसायी कानुनी लिखत गराउन, बहस प्रस्तुति गर्न र मुद्दामा मस्यौदा गर्न पोख्त छैनन् । न्यायलयजस्तो महत्त्वपूर्ण र संवेदनशील राज्यको अंगमा यस्तो उदासीनता किन ? विश्वविद्यालयको पाठ्यक्रम अन्तर्राष्ट्रियस्तरको बनाउन र अनुसन्धानमुखी शिक्षामा जोड दिनेगरी बार काउन्सिलले काम गर्न जरुरी छ ।

समग्रमा कानुनी शिक्षाको योगदान देशको सामाजिक, साँस्कृतिक, कानुनी, आर्थिक स्थितिमा सुधार ल्याउन रहेको छ । उच्चस्तरको गुणस्तरीय कानुनी शिक्षाको उपलब्धताले कुशल शासक र न्याय सम्पादन गर्ने दक्ष न्यायमूर्ति निर्माणमा भूमिका खेल्दछ । कानुन अध्ययन गरेका शासकहरूको नेतृत्वमा विकास र समृद्धिको नयाँ फड्को मारेको अवस्था छ । कानुनी शिक्षाको उपयोगिता असल नागरिक निर्माणमा ध्यान केन्द्रित हुनुपर्छ ।

कानुनी सचेतना कार्यक्रममार्फत धेरै कार्य गर्न असम्भव हुने हुँदा विद्यालय शिक्षाको पाठ्यक्रम कानुनी शिक्षा र सचेतना झल्काउने र सबल समाज निर्माणतर्फ केन्द्रित हुनुपर्छ । गुणस्तरीय कानुनी शिक्षाले अराजकता, दण्डहिनता रोकथाम गर्दै राज्यव्यवस्थाको कार्यशैलीलाई सक्षम बनाउनतर्फ सजग बनाउँछ ।

देशमा कानुनी शासनको प्रत्याभूति दिलाउन र लोकतान्त्रिक मूल्य, मान्यताको सम्वर्द्धन गर्न कुशल न्यायमूर्तिको आवश्यक हुन्छ, जुन कानुनी शिक्षाको प्राप्तिले सम्भव हुन्छ । कानुनी शिक्षाको व्यवस्थापनमा जिम्मेवार निकायले यसको गरिमा बढाउन तत्पर रहनुपर्दछ । नेपाल बार काउन्सिल अन्तर्गत कानुनी शिक्षालाई व्यवस्थापन र मूल्यांकन गर्न एउटा छुट्टै विभाग सक्रिय ढंगले लाग्नुपर्दछ । कानुन विश्वविद्यालयको स्थापनाका लागि अध्ययन जरुरी छ । विद्यार्थीको चाप अध्ययन गर्ने र दक्ष प्राध्यापकको उपलब्धता तथा वैज्ञानिक पाठ्यक्रम निर्माण गर्न जरुरी छ । यसरी सबै क्षेत्रको सक्रिय उपस्थितिले मात्र यसको उपयोगिता सावित हुनसक्छ ।

*(अधिवक्ता समेत रहेका लेखक पौडेल नेपाल ल क्याम्पसमा एलएलएम अध्ययनरत छन्)*

# देउताकै डरले छाउगोठ !

■ भूमिराज पिठातोली

**बझाङ–** खप्तडछान्ना गाउँपालिका-५ की रमिला आग्री पहिलोपटक महिनावारी हुदाँदेखि नै छाउगोठमा बस्न थालेकी हुन् । अहिले उनको मनमा घरभित्र बस्दा देउता रिसाउँछन् भन्ने गहिरो छाप बसेको छ ।

सुरु-सुरुमा महिनावारी हुँदा घरभित्रै बस्ने चाहाना देखाएकी रमिला अहिले भने घरभित्र बस्नु हुँदैन भनेर आफूभन्दा पछिका पिँढीलाई सम्झाउँछिन् । किनकि उनले परिवारबाटै त्यस्तै शिक्षा पाइन् । अहिले उनी महिनावारी हुँदा छ दिनसम्मै बाध्य भएर छाउगोठमै बस्छिन् । तर देउताको डरले घरभित्र बस्ने कुरा भने उनको मस्तिष्कमै आउँदैन । गाउँघरमा छाउगोठ भत्काउने अभियान चले पनि रमिला त्यसको विपक्षमा हुनु उनको बाध्यता नै छ ।

खप्तडछान्ना गाउँपालिका-४ की हरिना रोकायाले पनि देउता रिसाउने भन्दै महिनावारीको बेला अहिलेसम्म घरमा बस्न पाएकी छन् । घरमा बस्दा अनिष्ट हुने भन्दै परिवारकै सल्लाहमा उनी छाउगोठमा बस्न बाध्य हुन्छन् । 'घरको दैलो पनि छुन दिँदैनन्' उनले भनिन्, 'सबैभन्दा समस्या महिनावारी भएकै बेलामा हुन्छ, तर परिवारले नै त्यो स्वभाविक प्रक्रिया भन्दै छाउगोठमै बस्न बाध्य पार्छन् ।'

रोकायाका अनुसार माइतीघरभन्दा बढी पोइलीघरमा छाउपडी मानिन्छ । उनको माइतीघर वडा नं ७ मा छोरीलाई महिनावारी हुँदा घरको दैलो छुनेदेखि गाईवस्तु दुहुनेसम्म गरिन्छ । पोइलीघरमा भने आँगनदेखि तरकारीका लहरा छुनसमेत बञ्चित गरिएको उनले बताइन् । 'बिहेको सुरुमा त सिस्नाको झाडी नजिकैको गोठमा बस्थ्यौं । एक दिन सुतेकै बेलामा राति भत्कियो । त्यो दिनको घटना सम्झिँदा त आङै सिरिङ्ग हुन्छ ।'

राति छाउगोठ भत्किने बेलामा तीन-चार दिने साउने झरी रहेछ । रोकाया सम्झिन्छिन्, 'छाउगोठभित्र पानी पनि जमेको थियो । झरी रोकिने अवस्थै थिएन । गोठको छतको काठ कुहिएर पूरै झर्नै लागेजस्तो थियो । प्लाष्टिक ओढेर सुत्न खोजेकी थिएँ । माथिबाट झ्याप्प भत्कियो । खरको छानो हुँदा



बाँचियो ।'

रोकायाका अनुसार अहिले छाउपडीले पहिलेको जस्तो दुःख भने भोग्नु पर्दैन । 'छाउगोठ भए पनि सुरक्षित हुन्छन्' उनले भनिन्, 'राति एक्लै सुत्न पनि केही डर हुँदैन । पहिलेको अवस्था त कुरै छाडौं' उनले छाउगोठ मुक्त नभए पनि अलि व्यवस्थित भएको बताइन् ।

बुङ्गल नगरपालिका-६ की सीता बोहराले ३९ वर्षमा पाइला टेकिन् । उनी १३ वर्षको उमेरदेखि नै महिनावारी हुन थालिन् । माइती र पोइलीघर नजिकै भएको हुँदा उनलाई सुरुको बेला महिनावारी भएकै समयजस्तो अहिले पनि भइरहन्छ । घर, वस्तुभाउ, भाँडाकुँडा तथा पुरुष मान्छेलाई अहिले पनि छुन पाइँदैन ।

बस्ने, खाने, हिँड्नेदेखि पानी पँधेरा पनि छाउपडीका लागि अलग भएको उनले बताइन् । 'सबैभन्दा कष्टकर समय नै महिनावारीको बेलामा हुन्छ । तर हाम्रो गाउँ ठाउँमा देउताले भनेको नमाने उल्टै आफैंमाथि दुर्घटना हुने भन्छन् र डर लाग्छ । घर नजिकै पनि जान मन लाग्दैन ।'

उनले एकपटक संघसंस्थाले भत्काएका छाउगोठ समाजले पुनःनिर्माण गरेको बताइन् । 'पहिलेका गोठभन्दा अहिले केही त राम्रा र अलि व्यवस्थित भएका छन् । तर, मनमा भने देउताको डर कहिल्यै हराउँदैन', उनले भनिन् । बुङ्गलमा विवाहित/अविवाहित नभनी सबैले गोठमै बस्नुपर्ने उनले बताइन् । 'हाम्रो यता जोसुकै महिला भए पनि महिनावारी हुँदा छ दिनसम्म गोठमै बस्नुपर्छ । घरमा मेरो दुई जना छोरी पनि त्यसै गोठमा बस्छिन्', उनले भनिन् ।

रमिला, हरिना र सीतामात्रै होइनन्, बझाङमा हजारौं महिला अहिले पनि महिनावारीका बेलामा छाउगोठमै बस्छन् । स्थानीय सरकारका जनप्रतिनिधि, प्रहरी र सरोकारवालाको अगुवाइमा छाउगोठ भत्काए पनि फेरि छाउगोठ बनाएर बस्न थालेका छन् । 'छाउगोठको रूपमात्रै फेरिएको छ', महिला अधिकारकर्मी तथा अल्पकालीन महिला सेवा केन्द्रकी इन्चार्ज गीता शाहीले भनिन्, 'संस्कार र सोच जहाँको त्यहीँ छ । मानसिकरूपमा चेत खुल्दैन भने गोठजन्य संरचना भत्काएर केही हुँदैन ।'

उनले मुलुक संघीयतामा जानुअघि पनि जिल्ला विकास समितिको नेतृत्वमा छाउपडीमुक्त अभियान चलाएको र बीचमै रोकिएको बताइन् । 'सुरुमा छाउगोठ पनि भत्काइए', उनले भनिन्, 'विभिन्न संघसंस्थाले चेतनामूलक कार्यक्रम गरे । जिविसले पनि धेरै गाविसमा काम गऱ्यो । पछि सबै निकाय सुस्ताए । स्थानीयवासीले छाउगोठ पुनःनिर्माण गरे ।'

उनका अनुसार छाउगोठ भत्काउने अभियानका बेलामा केही महिलाले त त्रिपाल टाँगेर रात बिताएका थिए । उनले महिनावारी हुँदा घरभित्रै छुट्टै कोठामा बस्दै आएका महिला भने अन्धविश्वास तोडेर अघि बढेको बताए ।

जिल्ला समन्वय समितिका प्रमुख नरबहादुर बोहरा पहिलेको तुलनामा धेरै परिवर्तन भएको बताउँछन् । 'सुदूरपश्चिममा सबैभन्दा बढी छाउपडी मान्ने जिल्ला बझाङ पनि हो । तर पछिल्लो समयमा भने चेतनाको विकासले धेरै परिवर्तन भइसकेको छ । छाउपडी मान्नेहरू धेरै नै व्यवस्थित भइसकेका छन्', उनले भनिन् । बोहराका अनुसार बझाङमा सबैभन्दा बढी जयपृथ्वीका केही वडा, सुर्मा, छबिस, मष्टा, खप्तडछान्ना र थलारामा बढी मान्ने गर्छन् । छाउगोठ भत्काउन तथा चेतना फैलाउने फेरि अर्को अभियान सुरू गर्ने उनले बताइन् । *रासस*

# संविधानमाथि तरवार झुण्डिएको छ : मन्त्री चौधरी

■ प्रभाव संवाददाता



**देउखुरी–** नेकपा (एकीकृत समाजवादी)का पोलिट्ब्यूरो सदस्य एवं सहरी विकास मन्त्री मेटमणि चौधरीले नयाँ संविधानमाथि तरवार झुण्डिएको बताएका छन् ।

क्षेत्र नं १(क), दाङको लालमटियामा आयोजित गठबन्धन दलको कार्यकर्ता भेलालाई सम्बोधन गर्दै मन्त्री चौधरीले उक्त धारणा व्यक्त गरेका हुन् । संकटको बेला नेपालका दलहरू एक ठाउँमा आउने गरेको इतिहास रहेका बताउँदै मन्त्री चौधरीले भने, 'विश्वमै उत्कृष्ट संविधान हामीले मिलेरै बनाऔं । समाजमा पिछडिएका वर्ग र तप्काका मानिसहरूलाई राज्यको मुल धारमा ल्याउने कानुनी व्यवस्था गरियो । हरेक दृष्टिकोणले प्रगतिशील संविधान बन्यो । तर केपी ओलीलाई पचेन । जनताले खुसी मनाए तर केपी ओलीको समुहले त्यो खुसी देख्न सकेन । त्यसैकारण यतिबेला नेपालको संविधानमाथि तरवार झुण्डिएको छ ।'

राप्ती कोरिडोर, घोराहीलाई बेस मानेर घोराही -लमही, घोराही -तुल्सीपुर, लमही -रिहारसम्म पोड वेको डिपिआरको तयारी, स्वर्गद्वारी पुग्ने केवलकार, श्रीनारायण चोकदेखि स्वर्गद्वारी जोड्ने बाटो निर्माण जस्ता महत्त्वपूर्ण योजनाहरू आफूले अघि सारेको बताउँदै क्षेत्र नं १ को गठबन्धनको उम्मेदवार समेत रहेका सहरी मन्त्री चौधरीले आफ्नै कारण मुलुकमा खरको छानो हटाउने राष्ट्रिय अभियान चलेको सुनाए ।

कार्यक्रममा लुम्बिनी प्रदेशका स्वास्थ्य मन्त्री इन्द्रजीत थारु, माओवादी केन्द्रका जिल्ला इन्चार्ज निर्मल आचार्य, जनमोर्चा नेपालका जिल्ला अध्यक्ष गणेश आचार्य, कांग्रेसका क्षेत्रीय अध्यक्ष भेषराज पाण्डे, एकीकृत समाजवादीका केन्द्रीय परिषद् सदस्य तिलक केसी, कांग्रेसका लुम्बिनी प्रदेश सदस्य देब नारायण चौधरी लगायतले गठबन्धनका पक्षमा मतदान गर्न कार्यकर्ताहरूलाई निर्देशन दिएका थिए ।

त्यस्तै सहरी विकास मन्त्री मेटमणि चौधरीले निर्वाचन आयोगले जारी गरेको आचार संहिताको पालना गर्दै यस अघि चढ्दै आएको बा २ झ ३८४३ नम्बरको सरकारी गाडी फिर्ता गरेका छन ।

निर्वाचन अवधिमा सरकारी गाडीको दुरूपयोग नहोस् भन्ने उद्देश्यले निर्वाचन आयोगले जारी गरेको आचार संहित अनुरूप मन्त्री चौधरीले शुक्रबारदेखि लु ३ च ३१४ नम्बरको स्कर्पियो प्रयोग गरेको प्रेस संयोजक सूर्य विसीले जानकारी दिए ।

# बाँकेमा तीन लाख ३२ हजार २३१ मतदाता

**खजुरा–** बाँकेमा कूल तीन लाख ३२ हजार दुई सय ३१ मतदाता रहेका छन् । कूल मतदातामध्ये एक लाख ६३ हजार तीन सय ६९ महिला र एक लाख ६८ हजार आठ सय ५३ पुरुष रहेको जिल्ला निर्वाचन कार्यालय बाँकेका प्रमुख रमा पन्तले बताइन् ।

उनका अनुसार अन्य मतदाताको संख्या नौ रहेको छ । बाँके जिल्लामा प्रतिनिधिसभामा तीन वटा निर्वाचन क्षेत्र र प्रदेशसभामा ६ वटा क्षेत्र छन् । प्रतिनिधिसभा क्षेत्र नं १ मा कोहलपुर नगरपालिका, राप्तीसोनारी गाउँपालिका र नरैनापुर गाउँपालिका पर्दछन् । प्रदेशसभा क्षेत्र नं १ (क) मा नरैनापुर गाउँपालिका र राप्तीसोनारी गाउँपालिकाका एकदेखि ७ नं वडा पर्दछन् । प्रदेशसभा क्षेत्र नम्बर १ (ख) मा कोहलपुर नगरपालिका र राप्तीसोनारीका ८ र ९ नं वडा पर्दछन् । प्रतिनिधिसभा क्षेत्र नं १ मा एक लाख २१ हजार एकसय मतदाता छन् भने प्रदेश १ (क) मा ५५ हजार आठ सय ४५ र प्रदेश १ (ख) मा ६५ हजार दुई सय ५५ मतदाता रहेको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ ।

प्रतिनिधिसभा क्षेत्र नं २ मा डुडुवा गाउँपालिका र नेपालगञ्ज उपमहानगरपालिकाका २१ वडा (वडा नं १६ र १७ बाहेक) पर्दछन् । यसैगरी प्रदेशसभा क्षेत्र नं २ (क) मा डुडुवा गाउँपालिका र नेपालगञ्जका वडा नं १३, १८, १९, २०, २१, २२ र २३ पर्दछन् ।

प्रदेशसभा २ (ख) मा नेपालगञ्जका १ देखि १२ तथा १४ र १५ नम्बर वडा समेटिएका छन् । क्षेत्र नं २ मा ९७ हजार आठ सय ९ मतदाता छन् । प्रदेश २(क) मा ५० हजार तीन सय १३ र २ (ख) मा ४७ हजार चार सय ९६ मतदाता रहेका निर्वाचन कार्यालय प्रमुख पन्तले बताइन् ।

प्रतिनिधिसभा क्षेत्र नं ३ मा बैजनाथ, खजुरा र जानकी गाउँपालिका पर्दछन् । प्रदेशसभा ३ (क) मा बैजनाथ गाउँपालिका र खजुराका ५, ६, ७ र ८ नं वडा समेटिएका छन् ।

यस्तै ३ (ख) मा जानकी गाउँपालिका, खजुराका एकदेखि ४ नम्बर वडा र नेपालगञ्जका १६ र १७ नम्बर वडा समेटिएका छन् । क्षेत्र नं ३ मा एक लाख १३ हजार तीन सय २२ मतदाता छन् भने प्रदेश क्षेत्र नं ३(क) मा ६१ हजार पाँच सय ९६ र ३(ख) मा ५१ हजार सात सय २६ मतदाता छन् । *रासस*

## जुवातास खेलिरहेका १९ जना पक्राउ

**चितवन (प्रस)–** खैरहनी नगरपालिका-३ उनान्टोल बस्ने ४२ बर्षीय चिरञ्जिवी सडौलाको घरमा जुवातास खेलिरहेको अवस्थामा चिरञ्जिवी लगायत ७ जनालाई बिहीबार प्रहरीले पक्राउ गरेको छ । उनको घरमा जुवातास खेलिरहेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय खैरहनीबाट खटिएको प्रहरीले उनीहरूलाई नगद २ लाख २४ हजार ५ सय २० र एक बुक तास सहित फेला पारी पक्राउ गरेको हो । बाँके, कोहलपुर नगरपालिका-११ न्यूरोडस्थित म्याक्स होटलमा जुवातास खेलिरहेको अवस्थामा सोही नगरपालिका-११ बस्ने ३५ वर्षीय उपेन्द्र राना लगायत १२ जनालाई बिहीबार प्रहरीले पक्राउ गरेको छ ।


**Belauri Municipality**

**Office Of The Municipal Executive**

**Belauri , Kanchanpur**

**Sudurpaschim Province, Nepal**

**Invitation for Bids**

**Invitation for Bids No: BELMUN/NCB/W/079/080-02**

**Date of publication: 16th OCT 2022 (30th of Ashoj, 2079)**

1. ***Belauri Municipality*** invites electronic bids from Nepalese eligible bidders for the construction of ***Construction of Drain & Upgrading of Road at Ward No.3 Belauri Kanchanpur*** under National Competitive Bidding procedures. The estimated amount for the works is **Rs. 25, 76,715.57 *(Exclusive of VAT & PS)***
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Belauri Municipality Kanchanpur ,belaurimunicipality@gmail.com,099-580215***or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidders, submitting their bid electronically, should deposit the cost ( Rs 3000 ) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

   **Name of the Bank: Rastriya Banijya Bank** **Name of Office:** *Belauri Municipality*

   **Office Code no. :801077604**

   **Office Account no.: 4390100301010002**

   **Rajaswa (revenue) Shirshak no. : BELAURI NA.PA.(GA-1-1)**
4. Pre-bid meeting shall be held at ***Belauri Municipality Kanchanpur*** at ***4th November 2022.***
5. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egpon or before ***12:00*** on ***15th November 2022 (29th Karthik 2079)*** ]. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***[14:00 pm 15th November 2022 (29th Karthik 2079)]*** at the office of ***Belauri Municipality .***Bids must be valid for a period of ***90 days*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of **Rs.65,0000** which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

# प्रभाव दैनिक





## 'जाने भए जाउ माया' सार्वजनिक

गायक प्रकाश सपुत र रेश्मा घिमिरे अभिनित 'जाने भए जाउ माया' बोलको म्युजिक भिडियो सार्वजनिक भएको छ। भावनात्मक यस गीतमा स्वर गायक सरन गुरूङको रहेको छ। गीतमा शब्द, सङ्गीत विकास ल्वागुनको रहेको छ। गीतलाई कोविद बज्रले सङ्गीत संयोजन गरेका हुन्। सहना इन्टरटेन्मेन्टको प्रस्तुति रहेको 'जाने भए जाउ माया' म्युजिक भिडियो गायक गुरूङको रिलिजको तयारीमा रहेको एल्बम 'सहना' मा संग्रहित गीत हो। एल्बम रिदम स्क्रीन क्रिएसन र वि द बेस्टको सहयोगमा तयार पारिएको हो।




आइतबार, ३० असोज २०७९ (Sunday, October 16, 2022)


# कलिङ साहित्यिक महोत्सव सुरु



■ प्रभाव संवाददाता

**काठमाडौं–** राजधानीमा आजबाट दुई दिने 'कलिङ साहित्यिक महोत्सव काठमाडौं' सुरु भएको छ। ११औं संस्करणमा अन्तर र्ष्ट्रियरूपमा नेपालमा पहिलो पटक आयोजना भएको महोत्सवमा नेपाल र भारतका प्रसिद्ध साहित्यकारहरूको सहभागिता रहेको छ।

महोत्सवको उद्घाटन गर्दै नेपाल प्रज्ञा प्रतिष्ठानका उपकुलपति डा. जगमान गुरुङले कलिङ्गका युद्ध विजेता सम्राट अशोक हुँदै पछिल्ला पुस्ताका श्रष्टाहरूले दुई देशको सभ्यतालाई जोडन गरेको योगदानको विषयमा चर्चा गरे। 'भारतको सरस्वती नदीले बनाएको सभ्यता लोप भए पनि नेपालमा बागमती सभ्यता अझै कायम छ। बाराको गढीमाईसहित नेपालका विभिन्न स्थानसँग भारतको संस्कृतिको सम्बन्ध छ। दुई देशको साहित्यिक सम्बन्ध अझ बढाउने विश्वास छ',उपकुलपति गुरुङले बताए।

महोत्सवमा सहभागी हुन भारतबाट आउनुभएका कवि अशोक वाजपेयीले नयाँ प्रविधिसँगै बजारशक्ति, धर्मशक्ति आदिले साहित्य संस्कृतिमा पुऱ्याइरहेको क्षतिको चर्चा गरे। 'ठूलो जमातले बोल्ने भाषाले साना भाषालाई अतिक्रमण गरिरहेको छ। साहित्यले समाजलाई धेरै कुरा सिकाउने भएकाले सृजनामा निरन्तरता दिन श्रष्टालाई अनुरोध छ', कवि वाजपेयीले भने।

महोत्सव निर्देशक रञ्जना निरौलाले नेपाल भारतको साहित्य तथा संस्कृति आदनप्रदानमा महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे। संस्थापक अध्यक्ष रश्मीरञ्जन परिताले संस्कृतबाट आएको नेपाली र हिन्दी भाषालाई संरक्षण गर्नको लागि यसपटकबाट नेपालमा साहित्यकाहरूलाई एकै थलोमा ल्याएर दुई देशको संस्कृति, भाषा र साहित्यबारे बहसको थालनी गरेको बताए।

समारोहमा यसैवर्षबाट सुरु भएको यशस्वी साहित्य सम्मानबाट नेपालबाट वाङ्मय शताब्दीपुरुष सत्यमोहन जोशी र भारतबाट कवि अशोक वाजपेयीलाई जनही रु. ५० हजार सहित सम्मान गरिएको छ। शताब्दीपुरुष जोशी अस्वस्थताको कारण समारोहमा उपस्थित हुन सकेनन्। यशस्वी प्रज्ञा प्रतिष्ठान, हिमालयन डायरी प्रालि, राष्ट्रिय साहित्य प्रतिष्ठान र नेपाल कलिङ लिटरेचर फेस्टिभलको सहकार्यमा महोत्सवमा कथाकार माया ठकुरी, अग्रज पत्रकार कनकमणि दिक्षित र कवि दिनेश अधिकारी सहित दुईसयको सहभागी रहेको आयोजकले जनाएको छ।

# चरित्रमा बाँच्ने विपीन



**काठमाडौं (प्रस)–** अभिनेता विपीन कार्की आफ्ना चरित्रमार्फत चिनिन्छन्। लूट, छड्के, पशुपति प्रसाद, नाका, हरिलगायतमा उनको चरित्रले पहिचान स्थापित गर्यो। उनलाई चलचित्र 'जात्रा' पश्चात मात्र दर्शकले चिन्न थालेका छन्। जात्रै जात्रा, प्रसाद, सेल्फी किङमार्फत आफूसँगै चरित्रमा भिन्नता ल्याउन सफल अभिनेता कार्की रङ्गमञ्च हुँदै फिल्ममा भित्रिएका हुन्। 'जात्रा' सिरिजमा अभिनेत्री वर्षा राउतका श्रीमानको भूमिका निर्वाह गरेका अभिनेता कार्कीले 'के घर के डेरा' मा पिता बन्ने प्रस्ताव स्वीकारे।

'मैले चरित्र बाच्ने कोसिस गर्छु। त्यहाँ म पात्र हुँ। त्यसैले मैले सहजै भूमिका स्वीकार्ने गर्छु', अभिनेता कार्कीले भने। यद्यपि फिल्ममा भने उनी वर्षाको पिता बनेनन्। निर्देशक दीपेन्द्र के खनालले जोखिम लिन चाहेनन्। 'दर्शकले विश्वास गर्नुहुन्न की ? मेकअप आर्टिस्टले राम्रो गर्न सक्नुभएन भने ? जस्ता प्रश्न उठेपछि मैले शफ्को भूमिका निर्वाह गरेको हुँ', अभिनेता कार्कीले भने।

प्राविधिक कठिनाइले गर्दा आफूले चाहेको चरित्र अझैं पर्दामा ल्याउन नसकेको उनी बताउँछन्। चरित्रमा बाँच्ने अभिनेता कार्कीलाई लिएर केही समयदेखि कलात्मक पाटो भन्दा व्यावसायिक पाटोले आकर्षणगर्ने गरेको गुनासो फिल्मकर्मीले गर्न थालेका छन्। 'म कलाकारसँगै छोरा, श्रीमान् र पिता पनि हुँ। यी दायित्व निर्वाह गर्नुपर्ने हुन्छ। व्यावसायिक पाटोमा भने मेकर्सको सोचले फरक पार्छ। कलात्मकतामा कला र व्यावसायिकमा व्यावसायिकता खोज्ने गरेको छु', अभिनेता कार्कीले भने।

अर्का अभिनेता दयाहाङ राईसमेत अभिनेता कार्कीको चरित्र निर्माण र त्यसमा बिताउने समयदेखि प्रभावित छन्। 'हामीले केही फिल्ममासँगै काम गरेका छौं। उहाँको चरित्रप्रतिको गम्भिरता र निर्माणमा गरेको मेहनतले म जस्तो कलाकारलाई ऊर्जा दिन्छ', अभिनेता राईले भने। अभिनेता राई र कार्कीले लूट सिरिज, जात्रै जात्रा र के घर के डेरामा सँगै काम गरेका छन्।



नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता

# कीर्तिमानका साथ नेपाल आर्मीको दबदबा

■ प्रभाव संवाददाता

**कास्की–** पोखरामा जारी नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा आर्मीका खेलाडी हावी भएका छन्। हालसम्म नेपाल आर्मीले आठ स्वर्ण, नौ रजत र १० काँस्यसहित २७ पदक जित्दै शीर्ष स्थानमा छ। दोश्रो भएको बागमती प्रदेशले पाँच स्वर्ण, तीन रजत र दुई काँस्यसहित १० पदक जितेको छ। एपिएफले चार स्वर्ण, पाँ रजत र नौ काँस्यसहित १८ पदक जितेको छ भने नेपाल पुलिस क्लबले दुई स्वर्ण, एक रजत र दुई काँस्यसहित पाँच पदक पाएको छ।

घरेलु मैदानमा गण्डकी प्रदेश कमजोर सावित भएको छ। गण्डकीले हालसम्म स्वर्ण र रजत पदक पाउन सकेको छैन। पाँच वटा काँस्य मात्रै पाएको गण्डकी सातौं स्थानमा छ। पाँचौ स्थानमा रहेको सुदुरपश्चिमले एक स्वर्ण र तीन काँस्यसहित चार पदक र लुम्बिनीले दुई रजत पदक पाएको छ। प्रदेश १ ले तीन कास्य मात्रै जितेको छ। कर्णाली, मधेश र एनआरएनए हालसम्म पदकविहिन छन्। हालसम्म २० इभेन्टका खेल सकिएका छन्।




### नासिरले जिते स्वर्ण

नेपाली सेनाका नासिर याह्या हुसेनले नवौं राष्ट्रिय खेलकुदअन्तर्गतको २२औं राष्ट्रिय पौडी च्याम्पियनसिपमा आफ्नै नाममा रहेको कीर्तिमानमा सुधार गर्दै स्वर्ण पदक जितेका छन्। नासिरले १५ सय मिटिर फ्रि-स्टायलमा काठमाडौंमा सम्पन्न १३औं दक्षिण एशियाली खेलकुदमा कायम गरेको १७ मिनट ४९.९५ सेकेन्ड समयमा सुधार गर्दै १६ मिनट ५०.२१ सेकेन्डको नयाँ राष्ट्रिय रेकर्ड कायम गरेका हुन्।

साथै, उनले नवौं राष्ट्रिय खेलकुदमा पौडीतर्फ पहिलो स्वर्ण पदक पनि जितेका छन्। दोश्रो स्थानमा रहेको एनआरएनएका आशिष सापकोटाले पनि नासिरले दक्षिण एशियाली खेलकुदमा स्थापित गरेको रेकर्डलाई उछिनेका थिए।

### डुवानाले पनि राखे नयाा कीर्तिमान

पोखराको विरौटास्थित फिसटेल एकेडेमीको पौडी पोखरीमा भएको प्रतियोगितामा सेनाकी डुवाना लामाले आफ्नो नाममा नयाँ राष्ट्रिय कीर्तिमान बनाउन सफल भएकी छिन्। उनले २०० मिटर व्यक्तिगत मिड्लेतर्फ गौरीका सिंहले नेपालगन्जमा सम्पन्न आठौं राष्ट्रिय खेलकुदमा कायम गरेको २ मिनट ३२ सेकेन्डको समयलाई पछाडी पार्दै २ मिनेन ३१.४६ सेकेन्डको नयाँ समयको कीर्तिमान कायम गरिन्।

### पुलिसकी चन्द्रकलालाई स्वर्ण पदक

नवौं राष्ट्रिय खेलुकदअन्तर्गत एथ्लेटिक्सको महिला सटपुटमा नेपाल पुलिस क्लबकी चन्द्रकला लामगादेले स्वर्ण पदक जितेकी छिन्।

पोखरा रंगशालामा शनिबार भएको खेलमा १२.४० मिटरको दूरीसहित एथ्लेटिक्समा पुलिसलाई पहिलो स्वर्ण जिताएकी हुन्। १०.८३ मिनेटसहित लुम्बिनी प्रदेशकी संगिता अधिकारीले रजत पदक जितिन्। ९.८६ मिटर दूरीसहित पुलिसकै बसन्ती चौधरीले काँस्य पदक जितेकी छन्।

### सन्तोषीलाई १० हजार मिटरमा स्वर्ण

नवौं बृहत राष्ट्रिय खेलकुदको एथ्लेटिक्सतर्फ महिला १० हजार मिटरमा बागमती प्रदेशकी सन्तोषी श्रेष्ठले स्वर्ण पदक जितेकी छन्।

पोखरा रंगशालामा शनिबार बिहान भएको दौडमा १३औं दक्षिण एसियाली खेलकुद (साग) की समेत स्वर्ण पदक विजेता रहेकी सन्तोषीले बागमती प्रदेशलाई एथलेटिक्सतर्फ पहिलो स्वर्ण जिताएकी हुन्। सन्तोषीले निर्धारित दूरी ३६ मिनेट १२.२९ सकेन्डमा पूरा गरिन्। यस्तै, नेपाल पुलिस क्लबकी राजपुरा पछाईले रजत तथा सशस्त्र प्रहरी बलको एपिएफ क्लबकी पुष्पा भण्डारीले कास्य पदक जितेकी छन्।

राजपुराले ३६ मिनेट २९ सकेन्डमा पूरा गरेकी थिइन्। कास्य विजेता पुष्पाले ३७.०४ सकेन्डमा निर्धारित दूरी पार गरेकी थिइन्। बिहान नै भएको पहिलो स्पर्धाको महिला १०० मिटर दौडमा लुम्बिनी प्रदेशकी निशा चौधरीले नयाँ राष्ट्रिय कीर्तिमान बनाएकी थिइन्।

### मुकेश र फुलमतिलाई स्वर्ण

नवौं वृहत राष्ट्रिय खेलकुदअन्गार्तन एथ्लेटिक्सको १५ सय मिटर दौडमा महिलातर्फ फुलमति राना र पुरुषतर्फ मुकेश पालले स्वर्ण पदक जितेका छन्। महिलातर्फ १५ सय मिटरमा दौडमा सशस्त्र प्रहरी बलकी फूलमतिले स्वर्ण पदक जितेकी छन्। फूलमतिले विभागीय एपिएफको लागि एथ्लेटिक्सको पहलो स्वर्ण जितिन्।

फुलमतिले ४ मिनेट ३८.१९ सेकेन्डमा निर्धारित दूरी पूरा गरिन्। यस्तै, त्रिभुवन आर्मी क्लबकी सरस्वति भट्टराईले ४ मिनेट ४१ सकेन्डमा निर्धारित दूरी पार गर्दै रजत पदक जितिन्। ५ मिनेट ०३.८० सेकेन्डमा निर्धारित दूरी पार गरेकी आर्मीकै रेखा लिम्बुले कास्य जितिन्। पुरुषतर्फको दौडमा त्रिभुवन आर्मी क्लबका मुकेशले स्वर्ण पदक जिते। मुकेशले निर्धारित दूरी ३ मिनेट ५२.२१ सेकेन्डमा पूरा गरे।

एपिएफका अजित यादवले ३ मिनेट ५३.११ सेकेन्डमा निर्धारित दूरी पार गर्दै रजत पदक जितेका छन्। नेपाल पुलिस क्लबका नागेश्वर अहिर ३ मिनेट ५६.५ सेकेन्डमा दूरी पार गर्दै कास्य जित्न सफल भए। महिला १० हजार मिटरमा बागमती प्रदेशकी सन्तोषी श्रेष्ठले स्वर्णपदक जितेकी छिन्।

# आइसिसीको छात्रवृत्ति कार्यक्रमका लागि नेपाल छनोट

■ प्रभाव संवाददाता

**काठमाडौं–** अन्तर्राष्ट्रिय क्रिकेट परिषद आइसिसीले महिला यू-१९ क्रिकेट छात्रवृत्ति कार्यक्रमका लागि नेपाललाई छनोट गरेको छ। नेपाल क्रिकेट संघ (क्यान)ले आइसिसीको कार्यक्रम अक्टुबर २३ देखि २९ सम्म काठमाडौं र पोखरामा सञ्चालन हुने जनाएको छ।

जस अनुसार इंग्ल्याण्डको एमसीसीले नेपालको भ्रमण गर्ने छ र नेपाल प्रेसिडेन्ट ११ र नेपाल इमर्जिङ टिमसँग ३ वटा टी-ट्वान्टी खेल खेल्ने छ।

यो कार्यक्रम अन्तर्गत नेपालका कृतिका मरासिनी, आशमा पुलामी मगर र सृष्टि जैशी सहित कतार, भुटान, यूएई र मलेसियाका १३ जना खेलाडीले पाकिस्तानी प्रशिक्षकसँग सिप विकास सम्बन्धि तालिम पाउने छन्। गत जुनमा मलेसियामा भएको यू-१९ महिला विश्वकप छनोटमा गरेको प्रदर्शनका आधारमा खेलाडी छनोट भएको आइसिसीले जनाएको छ।

# विमलसहित ८ खेलाडीले खेल्न नपाउने



■ प्रभाव संवाददाता

**पोखरा–** गैरआवासीय नेपाली संघ (एनआरएनए) फुटबल टिमका आठ खेलाडीले नवौं राष्ट्रिय खेलकुद खेल्न नपाउने भएका छन्।

राष्ट्रिय खेलकुद परिषद (राखेप) ले प्रदेश नम्बर एकले हालेको प्रोटेस्ट सदर गरेपछि एनआरएनएका आठ खेलाडीले खेल्न नपाउने भएका हुन्। आठ खेलाडीमा विमल घर्ती मगर, संजोक राई, अनन्त तामाङ, पुजन उपरकोटी, सुजल श्रेष्ठ,बिशाल राई, निशान खड्का, अशोक खवास रहेका छन्।

प्रदेश एकले बिहीबार नेपाली राष्ट्रिय खेलाडीहरू समावेश गरेर खेलाएको भन्दै प्रोटेस्ट हालेको हो। पोखराको गोस्टेघाट खेल मैदानमा बिहीबार एनआरएनएले प्रदेश एकलाई २-० ले हराएको थियो।

एनआरएनएको जितमा विमल घर्ती मगर र संजोक राईले एक एक गोल गरेका थिए। तर, अब प्रदेश एकले ३-० को जित पाएको छ।

# ५५ हजार संदिग्ध गिरोह पक्राउ

**सान साल्भाडोर–** राष्ट्रपति नायब बुकेले सात महिनाअघि आपराधिक समूहविरुद्ध 'युद्ध' घोषणा गरेदेखि हालसम्म एल साल्भाडोरमा प्रहरीले ५५ हजारभन्दा बढी कथित गिरोहका सदस्यलाई पक्राउ गरेको छ ।

सरकारले वारेण्टविना नै त्यस्ता संदिग्धलाई पक्राउ गर्न आपत्कालीन अधिकार दिएको गत मार्चदेखि अहिलेसम्म गिरोहका ५५ हजारभन्दा बढी पक्राउ गरिएको मन्त्री गुस्ताभो भिल्लाटोरोले बताएका छन् । कूल ६५ लाख जनसंख्या रहेको देशमा विद्रोही गिरोहका सदस्य पक्राउ पर्ने क्रम बढ्दो छ ।

'हामीले (संगठित अपराधविरुद्ध) युद्ध जित्दै छौं र यी आतंककारीलाई पक्राउ गर्न हरेक दिन हजारौं प्रहरी र सिपाही तैनाथ गरिरहनेछौं,' भिल्लाटोरोले उल्लेख गरेका छन् । प्रहरी र सैन्य बलले एक हजार ६४४ थान बन्दुक, दुई हजार २६ सवारीसाधन, १२ हजार ८४२ सेल फोन र १२ लाख मिलियन डलर बरामद गरेको बताइएको छ ।

कैदीको बढ्दो संख्यालाई लक्षित गर्दै साल्भाडोरका न्यायिक अधिकारीले देशको मध्यभागमा रहेको ग्रामीण क्षेत्र टेकोलुकामा ४० हजार अट्न सक्ने क्षमताको जेल निर्माण गरिरहेका छन् । उक्त डिटेन्सन सेन्टर यस वर्षको अन्त्यसम्ममा सम्पन्न हुने अपेक्षा गरिएको छ । *रासस/एएफपी*

# आक्रमणको धम्कीपछि राजकुमारी दरबार फिर्ता

**हेग–** अध्ययनको क्रममा एम्सटर्डमको एक भवनमा बसेकी हल्याण्डकी राजकुमारी क्याथरिना अमालिया त्यहाँ असुरक्षित महसुस गरेपछि राजप्रासादमा सरेकी छन् । स्वीडेनको राजकीय भ्रमणमा रहेका राजा विलेम-अलेक्जेन्डर र रानी म्याक्सिमाले द नेदरल्याण्डस्का सञ्चारमाध्यमलाई राजकुमारी दरबार फर्केको बताएका हुन् ।

'उनको यो निर्णयले उनको जीवनको लागि ठूलो महत्त्व राख्दछ, अब उनी एम्स्टर्डममा बस्दिनन् र वास्तवमा बाहिर जान सक्दिनन्,' रानी म्याक्सिमाले छोरीको निर्णयको सराहना तथा उनीप्रति गर्व गर्दै भनिन् । राजा विलेम-अलेक्जेन्डरले आफ्नी छोरीको अवस्थालाई 'अति कठिन' भनेका छन् ।

यसै वर्षको ग्रीष्मयाममा १८ वर्षीया राजकुमारी अध्ययन गर्न एम्स्टर्डमको एक आवासीय भवनमा सरेकी थिइन् । गत महिना डे टेलिग्राफ अखबारले राजकुमारीको सुरक्षाका निम्ति उल्लेखनीयरूपमा काम गरिएको समाचार प्रकाशन गरेको थियो । राजकुमारीमाथि संगठित आपराधिक गिरोहबाट आक्रमण वा अपरहणको जोखिम बढेको थियो ।

राजकुमारीमाथि आक्रमणको धम्कीपछि देशको सुरक्षा निकायले उनको सुरक्षा सुनिश्चित गर्न अहोरात्र कडा मेहनत गरिरहेको न्याय एवं सुरक्षामन्त्री डिलन येसिलगोजले बताएका छन् । *रासस/सिन्ह्वा*

# खानी विष्फोटमा परी टर्कीमा २८ को मृत्यु

**टर्की (अमासरा)–** उद्धारकर्ताले शनिबार उत्तरी टर्कीमा कोइलाको खाडलमा फसेका एक दर्जनभन्दा बढी खानी कामदारलाई उद्धार गरेका छन् । खानीमा मिथेन विष्फोटमा परी २८ जनाको मृत्यु भएको थियो । 'हाम्रा ५८ खानी कामदार सकुशल बाहिर निस्कन सफल भएका छन् भने १५ जना कामदार अझै त्यहाँ फसिरहेको अनुमान छ । उनीहरूलाई बचाउने प्रयास गरिरहेका छौं,' आन्तरिकमन्त्री सुलेमान सोयलुले जनाकारी दिएका छन् ।

सोइलुले यसअघि टर्कीको सबैभन्दा घातक औद्योगिक दुर्घटनामध्ये एक सो दुर्घटनामा करिब ११० जना कामदारले काम गरिरहेका थिए । ऊर्जामन्त्री फातिह डोनमेजका अनुसार विष्फोटपछि एउटा सुरुङमा आगो लागेको थियो । विष्फोटबाट प्रभावित सुरुङ जमिनबाट करिब ३०० र ३५० मिटर (गज) तल रहेको अनुमान गरिएको छ । *रासस/एएफपी*

## मोटरसाइकल हराएको सूचना

तपशिल बमोजिमको निम्न व्येहोरा भएको प्र ३ ०२, ०१३ प ९७९२ रातो कलरको Bajaj 200cc को NS मोटरसाइकल मिती २०७९/०५/०७ गते राती तारकेश्वर नगरपालिकाको वडा नं ४ लोलाङ हाइटबाट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

नामः आशिष राई
ठेगानाः सोलुखुम्बु, दुधकुण्ड ११
सम्पर्कः ९८६२५०८९१३
Engine No: JLYCKD41495
Chassis No: MD2A36FYXKCD – 88865

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

दोस्रो पटक प्रकाशित मिति २०७९/०६/३०


यस कम्पनीको मिति २०७९/०३/१२ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **ट्रेक्स नेपाल प्रा.लि. (प्रा.लि. नं. २९२२३०)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०३/३० को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **ट्रेक्स फर नेपाल प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

दोस्रो पटक प्रकाशित मिति २०७९/०६/३०

यस कम्पनीको मिति २०७९/०४/१५ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **सस्टेनेवल एण्ड रेजिलियन्ट आइडियाज प्रा.लि. (प्रा.लि. नं. १४१९४३)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०६/२८ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **सस्टेनेवल एण्ड रेजिलियन्ट आइडियाज इन्स्टिच्युट प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

# विश्वव्यापी भोकमरीको सूचीमा भारतको स्थान खस्कियो




**नयाँ दिल्ली–** विश्व भोकमरी सूचकांक (जिएचआई) २०२२ मा भारत विश्वका १२० देश र क्षेत्रमध्ये १०७औं स्थानमा झरेको छ । गत वर्षको १०१औं स्थानबाट तल झरेर भारत एसियाली मुलुकहरू श्रीलंका, म्यानमार, नेपाल, बंगलादेश र पाकिस्तानभन्दा पनि पछि परेको हो ।

जिएचआई अनुसार श्रीलंका ६४औं, म्यानमार ७१औं, नेपाल ८१औं, बंगलादेश ८४औं र पाकिस्तान ९९औं स्थानमा रहेका छन् ।

नयाँ तथ्यांकमा यस वर्ष १४ देश वा क्षेत्रले मात्र भारतभन्दा खराब प्रदर्शन गरेका छन् । कन्सर्न वर्ल्डवाइड आइरिस सहायता एजेन्सी र वेल्टहंगरहिल्फ नामक जर्मन संस्थाले संयुक्तरूपमा उक्त प्रतिवेदन हालै सार्वजनिक गरेका हुन् ।

भारतको जिएचआई अंकमा पनि सन् २०२० मा सुधार भई ३८.८ बाट सन् २०१४ देखि २०२२ को औसत २९ अंकको दायरामा पुगेको छ । अल्पपोषण, बाल बर्बादी, बाल पुड्कोपन र पाँच वर्षभन्दा कम उमेरका बच्चाहरूको मृत्युदर गरी जिएचआई स्कोर चार सूचकहरूमा गणना गरिन्छ । पाँच वर्षभन्दा कम उमेरका बालबालिकाको तौल कम हुनुलाई अल्पपोषणको कारणले गर्दा बालबालिकाको तौल कम हुनु मानिन्छ ।

बाल पुड्कोपनले पाँच वर्षभन्दा कम उमेरका बच्चाहरूको अनुपात मापन गर्दछ, जुन पुरानो कुपोषणको प्रभावको कारण उनीहरूको उमेरका लागि कम उचाइ रहेको छ ।

प्रतिवेदनअनुसार १७ वटा देशले जिएचआई स्कोर पाँचभन्दा कम प्राप्त गरेका छन् । भोकमरी र कुपोषणको अनुगमन गर्ने जिएचआईका अनुसार भारतमा भोकमरीको स्तर 'गम्भीर' छ । *रासस/सिन्ह्वा*


## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : YONG HUAT ENGINEERING
पुर्व स्वीकृति मिति २०७९/०६/२६ LT. No. 273301 चलानी नं.६०१८९४७१

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | General Worker | 10 | 0 | 1500 | ४२,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : FOODBABA EATERY ENTERPRISE
पुर्व स्वीकृति मिति २०७९/०६/२६ LT. No. 273303 चलानी नं.६०१८९४७२

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Restaurant Crew | 2 | 0 | 1500 | ४२,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : TEAK CAFE
पुर्व स्वीकृति मिति २०७९/०६/२७ LT. No. 273302 चलानी नं.६०१८९४७३

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Restaurant Crew | 7 | 0 | 1500 | ४२,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ कार्तिक ६ गते (23rd Oct. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Himalayan Human Resources Nepal Pvt. Ltd.**
श्रम ईजाजत नं. ४५१/०६०/०६१
Tokha-5, Basundhara Chowk, Nepal, Tel: 01-4354342,
Mob: 9803089086, 9823348542, 9841206595
E-mail : hrnhimalayan@gmail.com
Website : www.hrnhimalayan.com


## बिरुवा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

बिरुवा, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल ।

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मिति : २०७९/०६/३०**

यस गाउँपालिका कार्यालयको मिति २०७९/०५/१० मा प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आव्हान सम्बन्धी सूचना अनुसार यस गाउँ कार्यपालिकाको कार्यालयमा आ.व.२०७९/८० का लागि **e-bid** मार्फत दर्ता हुन आएका बोलपत्रहरू मध्ये तपसील बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कित तथा सारभूत रूपले प्रभावग्राही भएको हुँदा सार्वजनिक खरिद ऐन,२०६३ को दफा २७ (२) र दफा ४७ बमोजिम बोलपत्र स्वीकृत गर्ने प्रयोजनार्थ यो आशयको सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र. स. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल गरेको रकम (VAT र PS समेत) | कै. |
|---|---|---|---|---|
| 1. | Upgrading of Bhanjyang Bahu Biruwa Road (Ch:0+000-7+500) *(Contract ID No: NCB/BRM/WORKS/001/2079-80)* | Babu Builders and Developers Pokhara, Kaski | NRs.9871670.41 | |
| 2. | Upgrading of Rahakhola Milanchowk Damsidi Bagaribot Road (Ch:3+300-4+940) *(Contract ID No: NCB/BRM/WORKS/002/2079-80)* | Surayadaya Construction Badagaun-5, Gulmi | NRs.14797139.88 | |

**प्रमुख प्रशासकीय अधिकृत**


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SUM MFG (M) SDN BHD
पूर्व स्वीकृति मिति २०७९/०६/२९ LT. No. 273706 चलानी नं. ६०१८९४६५

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | General Worker | 40 | 0 | 1500 | ४२,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ कार्तिक ६ गते (23rd Oct. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Mass Human Resource Pvt. Ltd.** Govt. License 938/067/068
Samakhusi, Ktm, Nepal, TEL: + 977-1-4983080, 4983088, 4955765

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : FIRST ALLIED SECURITY SERVICES SDN BHD
पूर्व स्वीकृति मिति : २०७९/०६/२८ LT. No. 273678 चलानी नं. ६०१८९४६८

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Security Guard | 50 | 0 | 1500 | ४२,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ कार्तिक ६ गते (23rd Oct. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**K.B. International Employment Pvt. Ltd.**
श्रम ईजाजत नं. ८१४/०६५/०६६
Airport, Kathmandu, Nepal. Tel : +977-1-4112758, Fax : +977-1-4112759
E-mail:infokbintl@gmail.com Web:www.kbemployment.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : GUNUNG SERAYA WOOD PRODUCTS SDN BHD
पूर्व स्वीकृति मिति २०७९/०३/०९ पून विज्ञापन स्वीकृति मिति २०७९/०६/२८ LT. No. 265332 चलानी नं. ६०१८१५७२

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Factory Worker | 22 | 0 | 1500 | ४१,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ कार्तिक ६ गते (23rd Oct. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कःनिःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**AMCON OVERSEAS PVT. LTD** श्रम ईजाजत नं. ६९४/०६३/०६४
Chappal Karkhana, Kathmandu, Tel: 01-4373522, 4373977
E-mail: amconoverseas123@gmail.com

## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : GB CHEMICAL (M) SDN BHD
पूर्व स्वीकृति मिति २०७९/०४/३१ पून विज्ञापन स्वीकृति मिति २०७९/०६/२९ LT. No. 269679 चलानी नं. ६०१८५५२५

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Factory Worker | 40 | 0 | 1500 | ४२,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ कार्तिक ६ गते (23rd Oct. 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**B.GAS FOREIGN EMPLOYMENT PVT. LTD.**
श्रम ईजाजत नं. १४५५/०७४/०७५
Dhapasi-9, Basundhara Tole, Kathmandu,Tel: +997-1-4356889

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : JS BESTFOOD SDN BHD
पूर्व स्वीकृति मिति २०७९/०६/२९ LT. No. 273535 चलानी नं. ६०१८९४५६

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Crew Restaurant | 3 | 0 | 1500 | ४२,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : SHI WEI FU RESTAURANT SDN BHD
पूर्व स्वीकृति मिति २०७९/०६/२९ LT. No. 273370 चलानी नं. ६०१८९४४३

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Cook | 4 | 0 | 1500 | ४२,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ कार्तिक ६ गते (23rd Oct. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Sandiya Human Resources Pvt. Ltd.**
श्रम ईजाजत नं. १०९७/०७३/०७४
Dhumbarai-4, Kathmandu, Nepal, Phone No. +977-1-5199505, 9801181641, 9851155563, 9801181681
E-mail: sandiyahr17@gmail.com, Website : www.sandiyahr.com

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । **Reachmond Books Shop** (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । **Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217** । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञानज्योति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार-सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी-बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । **B-Tech Nepal-** पुतलीसडक चोक, फोन नं.**9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi)** जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्प्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्प्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - ९४,२०० | प्रति तोला - ९३,७०० | प्रति तोला - ११९० |



**व्यावसायिक मौरीपालन** | घोराही उपमहानगरपालिका-१३ कलमघारीका रेशमबहादुर राणाले व्यावसायिक रूपमा पालेका मौरी । उनीसँग अहिले १५० मौरी घार छन् । *तस्बिर: रञ्जिता अधिकारी/रासस*

# मल उद्योगका लागि जग्गा अवलोकन

■ प्रभाव संवाददाता

**मकवानपुर** – बाग्मती प्रदेश सरकारको पहलमा रु ७८ अरबदेखि एक खर्बसम्मको लागत अनुमान रहेको रसायनिक मल कारखानाका लागि सिन्धुलीको हरिहरपुरगढी गाउँपालिकामा जग्गा हेरिएको छ ।

बाग्मती प्रदेशका मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डे, उद्योग तथा आपूर्तिमन्त्री मिलनबाबु श्रेष्ठ र लगानी कम्पनी थाईल्याण्डको मछाडा ईन्टरनेशनलकी कार्यकारी प्रमुख पोलिथकलम्फेच थमाचाट्मानखोल (तुक्ता) लाई गाउँपालिका अध्यक्ष बज्रध्वज वाइबाले उद्योगलाई उपयुक्त हुने जग्गा देखाएका हुन् ।

जग्गा खोजीकार्यसँगै उद्योगले निर्माण र सञ्चालनको अनुमति पाएको डेढ वर्षभित्र उत्पादन सुरु गरिने लगानी कम्पनीले जनाएको छ । दुई लाख मेट्रिकटन उत्पादन लक्ष्य राखेको उद्योगले दुई सय जनालाई प्रत्यक्ष रोजगारी दिने जनाइएको छ । पानीबाट एमोनिया ग्याँस छुट्याएर युरिया फर्ममा लैजाने प्रविधिको उक्त उद्योगका लागि कच्चा पदार्थ आयात गर्न नपर्ने कम्पनीकी कार्यकारी प्रमुख तुक्ताको भनाइ रहेको छ ।

व्यासायिकभन्दा पनि धार्मिकरूपले नेपालसँग जोडिएको बताउँदै तुक्ताले बुद्धको जन्मभुमीमा बसेर काम गर्न चाहेकाले उक्त प्रस्तावसहित नेपाल आउँदा स्वागत पाएकामा खुसी व्यक्त गरिन् । उनले हरिहरपुरगढी पुगेर लगभग जग्गा खोजीकार्य टुङ्गिएको र अब सरकारले अनुमति दिएमा काम अगाडी बढाउने जनाइन् ।

उक्त कम्पनीको नेपालतर्फका कर्मचारी राकेश महर्जनले नेपालमा रासायनिक मलको समस्या भएकाले पनि उक्त कम्पनीले चासो देखाएको बताए । पानी र बिजुलीबाहेक अन्य कच्चा पदार्थ नचाहिने कारण नै नेपाल उक्त उद्योगका लागि उपयुक्त स्थान रहेको उनको भनाइ छ ।

मुख्यमन्त्री पाण्डेले नेपालमा मलको समस्याका कारण कृषिमा लक्ष्य प्राप्त गर्न नसकेकाले उक्त कम्पनीलाई नेपालमा मल उत्पादन गर्ने वातावरण बनाउन प्रदेश सरकार लागिपरेको बताए । लगानीका हिसाबले नेपाल सरकारलाई समस्या हुने कारण मल उद्योग नेपाल सरकारले सञ्चालन गर्न नसकेको उनको भनाइ छ । मल उद्योग सञ्चालनमा आँउदा मलमात्र नभएर रोजगारी सृजना हुने कारणले पनि आफू उत्साहित भएको उनले जनाए ।

त्यसैगरी प्रदेशका उद्योग तथा आपूर्तिमन्त्री श्रेष्ठले उक्त उद्योगले उद्योग खोलिने स्थानको समेत विकास गर्ने जनाए । प्रदेश सरकारले आफै सञ्चालन गर्न सक्ने वा अनुदान ऋण लगानी गर्न सक्ने बजेट नभएका कारण विदेशी कम्पनीलाई भए पनि उत्पादन गर्न दिएर आवश्यक्ता पुरा गर्न प्रदेश सरकार लागिपरेको उनको भनाइ छ ।

हरिहरपुरगढीमा उक्त उद्योग सञ्चालनमा आएमा स्थानीयको जिवनस्तर माथि उठ्ने पालिका अध्यक्ष वाइबाले बताए । उक्त उद्योगले गाउँपालिकाको प्रस्तावित औद्योगिक क्षेत्रको जग्गा मनपराएको कारण स्थानियका तर्फबाट भरपुर सहयोग रहने उनको भनाइ छ ।

प्रस्तावित औद्योगिक क्षेत्रका लागि गाउँपालिकाले एक स्थानमा दुई सय २० बिगाहा र अर्को स्थानमा दुई सय ४० बिगाहा गरी जम्मा दुई स्थानमा तीन सय ६० बिगाहा जग्गा छुट्याएको र हालसम्म उक्त स्थानमा उद्योग नरहेको बताइएको छ । उद्योग सञ्चालनपछि दुई सयले प्रत्यक्ष र हजारौंले अप्रत्यक्ष लाभ लिनसक्ने बताइएको छ ।

# महासंघ र अन्तर्राष्ट्रिय वित्त निगमबीच सहकार्य

■ प्रभाव संवाददाता



**काठमाडौं**– नेपालका निजी क्षेत्रको अवस्थाको मूल्याङ्कन गरी यस क्षेत्रले अर्थतन्त्रमा पुर्‍याएको योगदानको स्मरण गर्दै नीति निर्मातालाई जानकारी गराउन नेपाल उद्योग वाणिज्य महासंघ र अन्तर्राष्ट्रिय वित्त निगमले हातेमालो गर्ने सहमति गरेका छन् ।

उक्त अवसरमा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष शेखर गोल्छाले भने, 'नेपालका विकाससम्बन्धी लक्ष्य हासिल गर्नका लागि निजी क्षेत्रको थप विकास तथा सुदृढीकरण आवश्यक छ । सुसुचित नीतिगत सुधार एवं सार्वजनिक तथा निजी क्षेत्रबीच बहसबाट मात्रै यो हासिल गर्न सम्भव रहेको छ ।'

विश्वको सबैभन्दा ठूलो विकास साझेदारका रूपमा अन्तर्राष्ट्रिय वित्त निगम नेपालमा बजार तथा अवसरको विकासका लागि सहयोग गर्न प्रतिबद्ध रहेको छ । यसका लागि घरेलु तथा विदेशी लगानीकर्ताहरूका लागि लगानी गर्ने वातावरणमा थप सुधार गर्न आवश्यक छ ।

त्यस्तै अन्तर्राष्ट्रिय वित्त निगमका नेपालका लागि आवासीय प्रतिनिधि बाबाकार एस. फायेले भने, 'सार्वजनिक-निजी क्षेत्रबीचको नीतिगत बहसलाई थप सुसुचित गर्नुका साथै नेपाली नागरिकको हितका लागि निजी क्षेत्रले विकासमा पार्ने प्रभाव अभिवृद्धि गर्न् यस क्षेत्रको अवस्थाबारे सघन रूपमा अनुसन्धान गरिएको विश्लेषणात्मक आवधिक प्रतिवेदन महत्त्वपूर्ण हुनेछ ।'

यस सहकार्यबाट एउटा संयुक्त प्रतिवेदनको तयार हुने जनाइएको छ । यस प्रतिवेदनले देशमा निजी क्षेत्रको लगानीबाट मुलुकको विकासमा पारेको प्रभावका बारेमा तथ्याङ्क, अवधारण, विश्लेषण र नीतिगत सुझाव प्रस्तुत गर्नेछ । सो कार्यले सरकार, निजी क्षेत्र, विकास साझेदार तथा अन्य सरोकारवालाबीच निजी क्षेत्रको विकासका सवालबारे नीतिगत बहसका लागि आवश्यक जानकारी उपलब्ध गराउने उद्देश्य लिएको छ ।

सन् १९९० यता नेपालको निजी क्षेत्रको वृद्धि गुणात्मक रहेको छ । उनान्सय प्रतिशतभन्दा बढी औपचारिक व्यवसाय निजी क्षेत्रको स्वामित्वमा छन् । यसमा शिक्षा तथा स्वास्थ्य जस्ता सामाजिक क्षेत्रमा गरिएका उल्लेख्य लगानी समावेश छ । पूँजी निर्माण तथा रोजगारीका अवसरको सिर्जनामा निजी क्षेत्रको बढ्दो उपस्थिति रहेको छ । मुलुकभित्र लाखौं जनशक्ति निजी क्षेत्रमा, विशेषगरी कृषिमा आबद्ध रहेका छन् ।

## मकवानपुरबाट निर्यातमा कमी

**हेटौंडा (प्रस)**– मकवानपुरबाट हुँदै आएको निर्यात व्यापारमा कमी आएको छ । उद्योग वाणिज्य संघ मकवानपुरको तथ्याङ्कअनुसार गत अर्थिकमा जिल्लामा सञ्चालनमा रहेका निर्यातमुलक उद्योग तथा व्यावसायिक प्रतिष्ठानले रु १७ करोड ३० लाख मूल्यबराबरको निर्यात गरेका छन् । त्यसअघि आर्थिक वर्ष २०७७/७८ मा मकवानपुरवाट रु २३ करोड ६२ लाख मूल्य बराबरको निर्यात भएको थियो भने आर्थिक वर्ष २०७६ /७७ मा रु २५ करोड ५६ लाख मूल्य बराबरको निर्यात भएको थियो । उक्त वर्षमा क्लोजर सिस्टम इन्टरनेशनल नेपाल, युनिलिभर नेपाल लिमिटेड, गोदावरी पोलिप्याक्स एण्ड एफआई विसी र इभान्स लाइफ साइन्सेसलगायतले आफनो उत्पादन भारतमा निर्यात गरेका थिए ।

## तिहार नजिकिएसँगै बढ्यो ओखरको आयात

■ प्रभाव संवाददाता

**रसुवा**– तिहार पर्वलाई लक्षित गरी रसुवागढी नाकाबाट ओखर तथा स्याउ आयात हुन थालेको छ । चालु आर्थिक वर्षको साउनदेखि नै अत्यन्तै न्यूनरूपमा आयात भइरहेको चिनियाँ दाँते ओखर तथा स्याउ दसैंपछि दैनिक आयात हुन थालेपछि नेपाली उपभोक्ताको खरिदमा सहजता आएको हो ।

दसैं सकिएलगत्तै चार दिनको अन्तरालमा २६ कन्टेनर ओखर र १८ कन्टेनर स्याउ रसुवागढी नाकाबाट नेपाल भित्रिएको सीमा सुरक्षाकर्मीले बताएका छन् । लोड भएका नेपाली कन्टेनर डिब्बा भन्सार प्रक्रिया पूरा गरी क्रमिकरूपले काठमाडौं प्रस्थान गरिरहेकाले अबका दिनमा ओखर तथा स्याउ खरिदको मूल्य सर्वसुलभ हुने अपेक्षा गरिएको छ ।

तिहार पर्व नजिकिइसकेको र अर्कोतर्फ मन्दिरमा चढाउनेदेखि बिरामीलाई खुवाउनसमेत फलफूलका रूपमा स्याउ नै पहिलो रोजाइ हुने गरेका कारण व्यवसायीले फलफूलको आयातलाई प्राथमिकता दिँदै आएको व्यवसायी धर्म पौडेलले बताए । नेपाली व्यापारीले माग गरेलगतै चिनियाँ ठूलो ढुवानी कम्पनी मुसा टासपोर्टले छिटो-छरितो रसुवागढी पुर्‍याउने गरेको व्यवसायीले बताउँदै आएका छन् ।

चालु आर्थिक वर्षको साउनदेखि दसैं अगाडिसम्मको तथ्याङ्कले १६ कन्टेनर दाँते ओखर, चार कन्टेनर स्याउमात्र आयात भएको देखाएको छ । नेपालीको दोस्रो ठूलो चाडपर्व तिहार भएका कारण पछिल्लो समय स्याउका साथै ओखरको आयात बढ्न थालेको हो । अन्य सामानको सफ्या सबै गणना गर्नुपर्ने र स्याउ तथा ओखरको शुल्कमा प्रति कन्टेनरको मात्र हिसाब हुने भएका कारण ढुवानीकर्ताको रोजाइ पहिलो फलफूल हुने गरेको पाइएको छ ।

चीनको केरुङ क्षेत्रमा कोभिड सङ्क्रमण बढेको भन्दै चिनियाँ सीमा अधिकारीले गत साउन २१ गतेदेखि भदौ २९ गतेसम्म बन्द गराएको आयात ३० गतेदेखि पुनः सुरु भएको र पहिलाको तुलनामा आयात परिमाणसमेत केही मात्रामा बढेको सीमा अधिकारीले बताएका छन् । चालु आर्थिक वर्षको गत साउनदेखि असोज २७ गतेसम्म आयात भएका सामग्रीको मूल्याङ्कनबाट कुल रु एक अर्ब ४१ करोड भन्सार शुल्कवापत राजस्व दाखिला भइसकेको प्रमुख भन्सार अधिकृत नारायणप्रसाद भण्डारीले बताए ।

आयात भएका सामग्रीमध्ये स्याउ तथा हाइड्रोपावरका सामग्रीको शुल्क अत्यन्तै कम हुने प्रावधान छ । भन्सार हातामा प्रवेश गरेका सामग्री छिटोभन्दा छिटो मूल्याङ्कन गराइ जाँचपास गराउन यथेष्ट मात्रामा जाँचकी परिचालन गरिएको अधिकृत भण्डारीले बताए ।

# भूकम्प र कोरोनाले सुस्ताएको तातोपानी नाका

■ प्रभाव संवाददाता

**चौतारा**– केही वर्षअधिसम्म सबेरैदेखि राति अबेरसम्म व्यस्त रहने कामीडोमा शेर्पाको दैनिकी अहिले बदलिएको छ । नेपाल-चीन सीमाछेउ तातोपानी बजारमा विगतमा व्यापार गरेर झ्याइनझ्याइ हुने होटल व्यवसायी शेर्पालाई अहिले एक कप चिया खान ग्राहक आइदिए पनि हुन्थ्यो भन्ने लाग्छ ।

चिया पसल हुँदै १२ वर्षदेखि तातोपानी गेष्टहाउस सञ्चालन गर्दै आएका शेर्पा घर बनाउन लिएको ऋण तिर्न हम्मे परेको बताउँछन् । तातोपानी नाका सञ्चालन हुँदा हुने गरको व्यापारले लोभिएर आफ्नै घर बनाई सुरु गरेको होटल पाँच वर्ष राम्रो चलेको थियो । विसं २०७२ को भूकम्पपछि बन्द तातोपानी नाका खुल्ने छाँटकाँट नहुँदा उनलाई तातोपानीको घर 'नखाऊ भने दिनभरिको सिकार, खाऊ भने कान्छा बाबुको अनुहार' भनेजस्तै भएको छ ।

नाका बन्द भएसँगै अन्यत्र बस्ने ठाउँ हुनेहरू तातोपानी छाडेर हिँडेपछि विकल्प नहुनेमात्र अहिले तातोपानी छन् । नाका चल्यो भने गरी खान पाइएला नत्र अब छाक टार्नै मुस्किल पर्छ, शेर्पाले भने । सीमाको करिब पाँच सय मिटर तल कोदारीमा विगतको जस्तै नाका खुल्ने आशमा चार परिवार बसिरहेका छन् । अन्यत्र जान ठाउँ छैन, यहाँ बस्न पनि त्रासबाहेक केही छैन, कोदारीमा



भेटिएका पूर्णबहादुर श्रेष्ठले भने, 'हाम्रो ठाउँ त अब कर्णालीभन्दा पनि विकट हुन थाल्यो ।'

असुरक्षा र असहजताका कारण तातोपानी नाकाबाट व्यापार गर्न छाडेका व्यवसायी सहज अवस्था आएमा पुनः व्यापारमा फर्कन इच्छुक छन् । तर व्यवसायमा निरन्तर आउने उतारचढावका कारण तातोपानी नाकाबाट हुने व्यापारमा सहजता आउनेमा उनीहरू विश्वस्त हुनसकेका छैनन् ।

लामो समय तातोपानी नाका हुँदै चिनियाँ सामानको कारोबार गरेर नाम र दाम दुवै कमाएका अधिकांश व्यापारीले व्यवसाय परिवर्तन गरेका छन् । तातोपानी नाकाबाटै सबै सहजता हुने हो भने आफूहरू व्यवसायमा फर्कन तयार रहेको अर्जुन सापकोटा बताउँछन् । सिन्धुपाल्चोक उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष राजेन्द्रकुमार श्रेष्ठका अनुसार अहिले तातोपानी नाकाबाट व्यापार गर्ने व्यवसायीको संख्या ७० प्रतिशतले घटेको छ । व्यवसायीमात्र होइन, नाकाबाट हुने व्यापार पनि त्यही अनुपातमा घटेको श्रेष्ठ बताउँछन् । लामो समयदेखि तातोपानीको व्यापारबाट टाढिएका अमृत खड्का विगतको जस्तै सहज वातावरण निर्माण भएमा पुनः व्यापारमा फर्कन इच्छुक छन् । तर अझै उनले सोचेजस्तो सहज हुनसकेको छैन । तातोपानी नाका पुनः पहिलेझैँ चल्ने आशमा बसिरहेका व्यापारी, कन्टेनर र होटल व्यवसायी नाका 'खण्डहर' बनिदिँदा निराश भएको उनले बताए ।

प्रतिदिन सातदेखि आठ कन्टेनरबाट अधिकांश रोल रेडिमेड कपडाजस्ता सामग्री भित्रिरहेको तातोपानी सुक्खा बन्दरगाह तथा भन्सार कार्यालयका प्रमुख नारद गौतमले जानकारी दिए । कोरोनाकालअघि ५० कन्टेनर भित्रिएकामा अघिल्लो आव २०७६/७७ मा रु एक अर्ब ५९ करोड राजस्व उठाइएको थियो । 'सीमित कन्टेनर भित्रिएर सामग्री आउने भएकाले राजस्व अझै वृद्धि हुनसकेको छैन । सडक अवरुद्ध भइरहने समस्या उस्तै छ', उनले भने । तातोपानी नाकाले गत आवमा लक्ष्यको १८ प्रतिशत मात्र राजस्व सङ्कलन गरेको छ ।

काठमाडौंबाट चीनको व्यापारिक क्षेत्र खासा एक सय २४ किमी र रसुवागढी एक सय ६४ किलोमिटरको दूरीमा पर्छ । केरुङभन्दा तातोपानी नाकाबाट सिगात्से ३० किलोमिटर कम दूरीमा छ । तर उत्तरी तातोपानी नाका भौतिक संरचनासँगै व्यापारिकरूपमा अव्यवस्थित बन्यो । भूकम्पको चार वर्षपछि मालवाहकरूपमा खुलाइएको नाका भोटेकोसी बाढीपहिराको अवरोधपछि खुले पनि पछिल्लो समय ताल फुट्ने हल्ला र कोभिडले खुम्च्याइदियो ।

बीस वर्ष अघिदेखि चल्दै आएका एक हजार चार सय मालवाहक कन्टेनर, दुई हजार आठ सय चालक र पाँच हजार मजदुर परिवार बेरोजगार भए । ' नजिकैको दूरी भएकाले व्यापारी उत्तरी तातोपानी नाकाप्रति आकर्षित छन् । तर यस्तो समस्या बारम्बार व्यहोर्नुपर्दा निराश हुँदै छन् ।' मुलुककै राजश्वमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने तातोपानी भन्सारबाट हुने कारोबार घटेपनि सम्बन्धित निकायले चासो नदिएको व्यापारीको गुनासो छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्सप्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्णबहादुर कार्की, सम्पादक: विष्णु तामाङ